# वार्षिक प्रगति प्रतिवेदन

## तथा

# तथ्याङ्क पुस्तिका

## (आ.व.२०७५/७६)












प्रदेश सरकार

३ नं. प्रदेश

भूमि व्यवस्था, कृषि तथा सहरकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# मसला बाली विकास केन्द्र

पाँचखाल, काभ्रेपलाञ्चोक

फोन नं. ०११-४९९३५५, ०११-४९९०५५

E-mail: scdcpanchkhal@gmail.com



लसुनको बीउ उत्पादन



बेसारको पाना (बीउ) उत्पादन



अदुवाको पाना (बीउ) उत्पादन



मेथीको बीउ उत्पादन



धनियाको बीउ उत्पादन




मसला बाली सम्बन्धी कृषक तालिम

# वार्षिक प्रगति प्रतिवेदन तथा तथ्याङ्क

## (आ.व.२०७५/७६)

# Annual Report

**(Fiscal Year 2075/76)**

प्रदेश सरकार

३ नं. प्रदेश

भूमि व्यवस्था, कृषि तथा सहरकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# मसला बाली विकास केन्द्र

पाँचखाल, काभ्रेपलाञ्चोक

**वार्षिक प्रगति प्रतिवेदन**
आ.व.२०७५/७६

**संरक्षक**
युवराज पाण्डे

**प्रधान सम्पादक**
बिष्णु बोगटी

**सम्पादन सहयोगी**
गोपी कुँवर
भुवन धमला

**प्रकाशन, वितरण व्यवस्थापन**
श्रीधर पुडासैनी
खिम बहादुर खड्का

**प्रकाशक**
मसला बाली विकास केन्द्र
पाँचखाल, काभ्रेपलाञ्चोक
फोन नं.०११-४९९३५५
फ्याक्स नं.०११-४९९०५५
**E-mail: scdcpanchkhal@gmail.com**

**प्रकाशन वर्ष**
२०७६, असोज

**प्रकाशन प्रति**
२०० प्रति

**मुद्रण**

**आवरण**
विभिन्न मसला बालीहरू

# दुई शब्द

नेपाल कृषिप्रधान देश हो। कृषि क्षेत्रले मात्र नेपालको कुल ग्राहस्थ उत्पादनको ३२ प्रतिशत भाग ओगटेको छ। कुल जनसंख्याको ६६ प्रतिशत जनता कृषि पेशामा आश्रित छन्। नेपालीहरूको मुख्य पेशा नै कृषि हो। कृषिको विकास बिना नेपालको सामाजिक र आर्थिक विकासको कल्पना समेत गर्न सकिदैन। नेपालको भौगोलिक विविधताको कारणले गर्दा यहाँ विभिन्न किसिमको हावापानी पाईन्छ। यस किसिमको हावापानीले गर्दा यहाँको कृषि उत्पादनमापनि विविधता छ।

काभ्रेपलाञ्चोक जिल्ला देशको राजधानी काठमाण्डौको छिमेकी जिल्लाको रुपमा अवस्थित छ। यस जिल्लामा विभिन्न किसिमका बालीहरुको उत्पादन हुने गर्दछ। यस जिल्लामा उत्पादन हुने बालीहरु मध्ये आलु, मौसमी तथा बेमौसमी तरकारी बालीहरू प्रमुख रुपमा रहेका छन्। ति बाहेक यस जिल्लाको हावापानीको विविधताले गर्दा आँप, लिचि र सुन्तला समेत यहाँ लगाउने गरिन्छ। राजधानी देखि नजिकको जिल्ला भएको कारण उत्पादित कृषि वस्तुहरुले बजार पाउने र छोटो समयमा कृषकहरुले नगद आर्जनगर्न सक्ने भएकाले यहाँका कृषकहरु आलु र तरकारी खेतिप्रति बढी आकर्षित भएको पाईन्छ। यस जिल्लाको सदरमुकाम धुलिखेल देखि १३ कि.मि. मा अवस्थित पाँचखाल उपत्यका कृषिकोलागि अति उर्वरभूमि मानिन्छ। यस उपत्यकामा धेरै वर्ष पहिले देखि नै बागवानी फार्मको स्थापना भई यस फार्मले विभिन्न बालीहरुको बीउ र बेर्नाहरुको श्रोत केन्द्रको रुपमा कार्य गर्दै आएको छ। पछि यस फार्मलाई मसला बाली विकास केन्द्रको रुपमा नामाकरण गरी मसला बालीहरु जस्तैः अदुवा, बेसार, लसुन, धनिया, मेथी जस्ता बालीहरुको श्रोत केन्द्रको रुपमा कार्य गर्ने गरी जिम्मेवारी दिईएकोछ। देशका विभिन्न भागहरुबाट माग गरे बमोजिम मसला बालीहरु मुख्य गरी धनिया, लसुन, बेसार, अदुवाका बीउ उपलब्ध गराउने गर्दछ। यस केन्द्रमा मसलाबालीहरुका जर्मप्लाज्महरुको संकलन गर्ने र तिनको संरक्षण तथा सम्वर्द्धन गर्ने समेत काम गर्दछ। यस केन्द्रले अनुसन्धानबाट प्रमाणित भैसकेका विभिन्न प्रविधिहरुको प्रदर्शन गर्ने र तिनको कृषकस्तरमा प्रचार/प्रसारगर्ने कार्य समेत गर्दछ। आ.व.२०७५/०७६ देखि जिल्लाको माग बमोजिम मसला बाली सम्बन्धी तालिम पनि संचालन गर्दै आएको छ। यस बाहेक यहाँ आँप र लिचिका बेर्ना उत्पादन गर्ने, मौसम अनुसारका तरकारी बेर्नाका साथै आलु र धानको बीउ उत्पादन गर्ने कार्य समेत गर्दछ।

फार्मको प्रगति तथा तथ्याङ्कहरु व्यवस्थित रुपमा लिपिबद्ध गरी राख्ने उद्देश्यले हरेक आर्थिक वर्षहरुमा फार्मबाट संचालन भएका क्रियाकलाप एवं गतिविधिहरुको समग्र स्थिति झल्कने साथै उत्पादन खर्च र राजश्वको अनुपातको यथार्थ विवरण देखाउने गरी वार्षिक प्रगति तथा तथ्याङ्क पुस्तिका फार्मले प्रकाशन गर्दै आएको छ। यसै सिलसिलामा यस आ.व.२०७५/०७६ मा पनि यो पुस्तिका प्रकाशन गर्न लागिएको हो। यो पुस्तिका प्रकाशनगर्नमा सहयोग पुऱ्याउनु हुने मसला बाली विकास अधिकृत श्री संजय धिमाल साथै डोलराज पाण्डे, प्रा.स. श्री गोपी कुँवर र ना.प्रा.स. श्री सुमन तमाङ्ग लगायत सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु। अन्त्यमा यस पुस्तिकामा समावेस गरिएका तथ्याङ्क र विवरणहरुमा सुधार एवं परिमार्जन गर्नुपर्ने पाठकवर्गहरुमा महशुस भए सुझावको समेत अपेक्षा गर्दछु।

**युवराज पाण्डे**
केन्द्र प्रमुख
(वरिष्ठ मसला बाली विकास अधिकृत)

# विषय-सूची

## खण्ड-कः काभ्रेपलाञ्चोक जिल्लाको परिचय


१. जिल्लाको नामाकरण ........ १

२. राजनीतिक अवस्थिति........ १

३. भौगोलिक अवस्थिति........ २

४. हावापानी........ २

५. भू-उपयोग स्थिति ........ ३

६. धार्मिक-सांस्कृतिक स्थिति........ ४

७. ऐतिहासिक धार्मिक एवं पर्यटकीय महत्वका स्थलहरु........ ६

८. जनसंख्या विवरण ........ ८

९. अर्थतन्त्र ........ १३

१०. नदि/नाला........ १३

११. सिंचाईको स्थिति........ १३


## खण्ड-खः मसला बाली विकास केन्द्रको परिचय


१. केन्द्रको स्थापना........ १५

२. केन्द्रको भौगोलिक स्थिति........ १५

३. केन्द्रका उद्देश्यहरु ........ १५

४. मुख्य कृयाकलापहरु........ १७

५. केन्द्रको भू-उपयोग विवरण........ १७

६. फलफूल माउबोटको विवरण........ १९

७. विभिन्न बालीहरूको जातिय/जर्मप्लाज्म संरक्षण अवस्था ........ १९

८. केन्द्रको भौतिक अवस्था ........ १९

९. केन्द्रको मौसमी विवरण (वि.सं.२०७४ साल) ........ २०

१०. कर्मचारी विवरण........ २१

१०.१ संगठनात्मक चार्ट........................................................................................२१

१०.२ जनशक्ति विवरण........................................................................................२२

१०.३ आ.ब. २०७६/७७ मा कार्यरत् कर्मचारीहरुको विवरण..................................२२

११. हालसम्मका कार्यालय प्रमुखहरूको नामावली..................................................२३

## खण्ड-गः केन्द्रको वार्षिक प्रगति विवरण

१. वार्षिक प्रगति विवरणको सारांश........................................................................ २४

३. वार्षिक बजेट विनियोजन र खर्च (आ.व.२०७५/७६)..........................................३१

४. वार्षिक प्रगति स्थिति र प्रगति नपुगका कारणहरु (आ.व.२०७५/७६).....................३१

५. कार्यक्रमको अपेक्षित प्रतिफल (Output) विवरण..............................................३२

६. कार्यक्रमका मुख्य-मुख्य उपलब्धीहरु................................................................ ३३

७. वार्षिक वित्तिय प्रगति विवरण......................................................................... ३४

८. संकलित गैर-कर राजश्व आम्दानीको विवरण (आ.व.२०७५/७६)..........................३५

९. धरौटीको आर्थिक विवरण (आ.व.२०७५/७६)....................................................३६

१०. बेरुजू फछ्र्योट प्रगति विवरण (आ.व.२०७५/७६)............................................३६

११. कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्या, गरिएका प्रयास र सुझाव.....................३७

## खण्ड-घः आ.व.२०७५/७६ को वार्षिक कार्यक्रम

१. मसला बाली विकास केन्द्रको वार्षिक स्वीकृत कार्यक्रम ....................................... ३८

## खण्ड-ङः प्राविधिक लेख रचना

१. बोर्डो मिश्रण (Bordeaux Mixture) बनाउने तरिका र यसको प्रयोग......................... ४४

२. बोर्डो पेष्ट (Bordeaux Paste) बनाउने तरिका र यसको प्रयोग ................................ ४६

३. मसला बाली उत्पादन प्रविधि तालिका.............................................................. ४७

# खण्ड-कः काभ्रेपलाञ्चोक जिल्लाको परिचय

## १. जिल्लाको नामाकरण

काभ्रे जिल्लाका केही ऐतिहासिक स्थानहरू सांगाको पुरानो नाम शङ्गा, खोपासीलाई कुर्पासी, नालालाई नालङ्क, बनेपालाई भुजङ, र वल्पो पलाञ्चोकलाई पिराखचो भन्ने गरिन्थ्यो । यि स्थानको नामाकरण किराँत शब्दबाट भएको देखिन्छ । यसबाट के पुष्टि हुन्छ भने गोपालवंशीहरूलाई हटाई किराँतहरूले नेपालको शासन चलाएसँगै यी क्षेत्रहरूमा पनि किराँतहरूको शासन कायम रहेको थियो ।
नेपाल राष्ट्रको एकीकरणपूर्व पनि वर्तमान काभ्रेपलाञ्चोक जिल्ला भित्र पर्ने बनेपा, पनौती, धुलिखेल, खोपासी, नाला, साँगा, पलाञ्चोक, मण्डन, दाप्चा, नाल्दुम, चौकोट जस्ता लघु राज्य अथवा गाँउहरुले इतिहासको पानामा आफूलाई सुरक्षित गरेकै थिए। यी स्थानहरु धार्मिक, पुरातात्विक, राजनैतिक, सामाजिक, व्यापारिक अथवा औद्योगिक महत्वका दृष्टिले इतिहासमा पढिन्छन्।

नेपाल अधिराज्यलाई वि.सं.२०१९ सालमा १४ अञ्चल ७५ जिल्लामा प्रशासनिक रुपले विभाजन गर्नुपूर्व यो क्षेत्र पूर्व १ नम्बर क्षेत्र अन्तर्गत पर्दथ्यो। पूर्व १ नं. क्षेत्रको २८ मौजामध्ये काभ्रे र पलाञ्चोक नामको दुई ठूला मौजा भित्र यस जिल्ला पर्दथ्यो र २८ वटा मौजाहरुको सदरमुकाम सिन्धुपाल्चोकको चौतारामा थियो। ती मौजा मध्ये वर्तमान काभ्रेपलाञ्चोक जिल्ला भित्र काभ्रे र पलाञ्चोक गरी दुईवटा मौजाहरु थिए। तिनै मौजाहरुलाई मिलाई काभ्रेपलाञ्चोक जिल्लाको स्थापना वि.सं.२०१९ सालमा गरिएको थियो। काभ्रे जिल्लाको नामाकरण पलाञ्चोक भगवतीको नामवाट पलाञ्चोक र काभ्रे गाँउको नामवाट काभ्रेपलाञ्चोक मौजा रहन गएको थियो र ती स्थान क्रमशः साठीघर गा.वि.स. र काभ्रे नित्य चण्डेश्वरी गा.वि.स. मा पर्दछन्।

## २. राजनीतिक अवस्थिति

देशको प्रशासनिक बिभाजन अनुसार शुरूमा यस जिल्लालाई ९९ गाविसहरूमा विभाजन गरिएको थियो भने बि.सं. २०३७ मार्ग १७ गते ६८ गाविसहरू कायम गरिएको थियो । पुनः वि.सं. २०३८ मा यस जिल्लामा ९७ गाविसहरू र १ नगरपालिका कायम गरिएको थियो।

वि.सं.२०६२/६३ सालको जनआन्दोलनबाट देशमा राजनैतिक परिवर्तन भएपश्चात् संविधान सभाको गठन भै सोको माध्यमबाट निर्माण तथा जारी गरिएको नेपालको संविधान, २०७२ अनुसार नेपाल अधिराज्यको नामाकरण सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको रुपमा रहन गयो

र सङ्घीय संरचना अन्तर्गत नेपाललाई सातवटा प्रदेशहरुमा विभाजन गरियो। सङ्घीय स्वरुप अनुसार हाल नेपालमा सङ्घीय सरकार, प्रादेशिक सरकार तथा स्थानिय सरकार गरी तीन तहका सरकारहरु प्रशासनिक रुपमा संचालनमा रहेका छन् र काभ्रे जिल्ला प्रदेश नं. ३ अन्तर्गत रहेको छ। पछिल्लो समय वि.सं. २०७३ फाल्गुण २७ सम्म यस जिल्लामा ५ नगरपालिकाहरू र ७५ गाविसहरू रहेका थिए । नयाँ संरचना अनुसार वि.सं २०७३ फाल्गुण २७ गते नेपाल सरकारले राजपत्रमा प्रकाशित गरी यस जिल्लालाई १३ वटा नयाँ स्थानीय तहमा विभाजन गरेको छ।

## ३. भौगोलिक अवस्थिति

नेपालको मानचित्रमा ८५°२४'-८५°४९' पूर्वी देशान्तर तथा २७°२०'-२७°४५' उत्तरी अक्षांश बीच महाभारत पर्वत श्रृङ्खलामा फैलिएर रहेको काभ्रेपलाञ्चोक जिल्लाको क्षेत्रफल १३९६ वर्ग कि.मि. रहेको छ। यस जिल्लाको भू-भाग समुन्द्र सतहवाट अग्लो स्थान वेथानचोक नारायण डाँडा ३०१८ मी. र होचो स्थान कोखाजोर खोला २८० मी. मा अवस्थित छ। जिल्लाको पूर्वमा रामेछाप र दोलखा, पश्चिममा काठमाण्डौ, भक्तपुर र ललितपुर, उत्तरमा सिन्धुपाल्चोक तथा दक्षिणमा सिन्धुली र मकवानपुर जिल्ला पर्दछन्। परिवर्तित राजनैतिक विभाजनको दृष्टिकोणमा यो जिल्ला २ वटा संसदीय क्षेत्र, ४ वटा प्रादेशिक क्षेत्र, ६ वटा नगरपालिका र ७ वटा गाउँपालिकाहरुमा विभाजित छ।

यस जिल्लाको अधिकांश क्षेत्र महाभारत श्रृखलामा पर्ने र भिरालो प्रकृतिको रहेका छन्। यसको अलावा केही समथर मैदानी भागहरु र पहाडका खोंचहरु समेत रहेका छन्। बनावटको हिसाबले यस जिल्लाको कूल क्षेत्रफल १,४०,४८६ हेक्टर मध्ये ज्यादै भिरालो जमीन करिब ५२.५% अर्थात ७३,७३६ हेक्टर र कम भिरालो जमीन करिब ४१.३% अर्थात् ५७,९९१ हेक्टर रहेको छ। करिब ५.१% अर्थात् ७,२९२ हेक्टर मैदान, टार र उपत्यका क्षेत्रले र १.१% अर्थात् १,५६५ हेक्टर ग्रावेल ढुङ्गा तथा नदीले ओगटेको छ। समथर भागहरुमा पाँचखाल, महादेवस्थान, भकुण्डेवेशी, शिखरअम्वोटे, मंगलटार, खोपासी, तालढुङ्गा, बनेपा, पनौती, नाला, शंखु. कुशादेवी आदि पर्दछन्। त्यस्तै गरी कूल भूमि मध्ये करिब ९७.१% क्षेत्र मध्य-पहाडी र बाँकी २.९% क्षेत्र शिवालिक क्षेत्र अन्तर्गत पर्दछन्।

## ४. हावापानी

समुन्द्र सतहवाट करिव ३१८ मी. देखि ३०१८ मी. सम्मको उचाईमा रहेको यस जिल्लामा स्थान अनुसार भौगोलिक विविधता पाइन्छ। यस जिल्लाको हावापानीलाई मूख्यतया निम्नानुसार तीन वर्गमा विभाजन गर्न सकिन्छः-

### ४.१ ठण्डा शितोष्ण जलवायु क्षेत्र (Cool Temperate Zone):

समुन्द्र सतहवाट करिब २००० मीटर र सो भन्दा माथिको क्षेत्रमा प्रायःजसो ठण्डा शितोष्ण हावापानी रहने गर्दछ। महाभारत श्रृङ्खलाको माथिल्लो भाग जस्तै चौबास, ढुङ्गखर्क, नगरकोट, नारायणस्थान. फलामेटार, बुढाखानी आदी स्थानमा यस प्रकारको हावापानी पाइन्छ। यी क्षेत्रहरुमा हिउँदमा बढी जाडो र गृष्म ऋतुमा प्रायः शीतल हुने गर्दछ।

### ४.२ न्यानो समशितोष्ण जलवायु क्षेत्र (Warm Temperate Zone):

समुन्द्र सतहबाट करिब १००० मीटर देखि २००० मीटर सम्मको अधिकांश क्षेत्रमा न्यानो समशितोष्ण हावापानी रहने गर्दछ। यस जिल्लाको भौगोलिक वनावटले गर्दा जिल्लाको अधिकांश भागमा यस प्रकारको जलवायु पाइन्छ। यी क्षेत्रहरुमा हिउँदमा सामान्य जाडो र गृष्म ऋतुमा प्रायः न्यानो हुने गर्दछ।

### ४.३ अर्धउष्ण जलवायु क्षेत्र (Sub-tropical Zone):

यस प्रकारको जलवायु प्रायः पहाडको खोंच र बेशीहरुमा समुन्द्र सतहबाट करिब १००० मीटर सम्मको क्षेत्रहरुमा पाइन्छ। पाँचखाल, महादेवस्थान, तालढुङ्गा, भकुण्डेवेशी, मंगलटार, शिखरअम्वोटे र गोकुले आदी क्षेत्रहरु यस क्षेत्रभित्र पर्ने हुदा यहाँ हिउँदमा न्यानो र गृष्म ऋतुमा केहि गर्मी हुने गर्दछ।

### वर्षा

यस जिल्ला दक्षिणपूर्वी मनसुन प्रभावित क्षेत्रमा पर्ने हुनाले असार देखी भाद्र सम्ममा प्रशस्त पानी पर्दछ । यी महिनाहरूमा कुल वर्षाको ८० प्रतिशत सम्म पानी पर्दछ । जिल्लाका मुख्य दुई जलाधारक्षेत्रहरू वाग्मती र रोशी क्षेत्र हुँदै न्यून चापिय वायु जाने हुनाले यस क्षेत्रमा बढी वर्षा हुने गर्दछ । यी दुवै जलाधारक्षेत्रहरू महाभारत क्षेत्रको वृष्टिछाँयामा पर्ने गर्दछ । सबैभन्दा कम वर्षा जिल्लाको उत्तर पूर्वी क्षेत्रका पहाडी भू-भागहरूमा हुने गर्दछ । रोशी जलाधार क्षेत्रमा १३०० देखी २००० मि.मि. र बाग्मती जलाधार क्षेत्रमा २००० मि.मि भन्दा बढी तथा सुनकोशी क्षेत्रमा १३०० मि.मि. भन्दा कम वर्षा हुने गर्दछ । जिल्लामा सबैभन्दा बढी वर्षा हुने कोखाजोर खोला क्षेत्र हो जहाँ २६८७ मि.मि. वर्षा हुने गर्दछ ।

## ५. भू-उपयोग स्थिति

यस जिल्लाको भू-उपयोग स्थिति यस प्रकार रहेको छः-

| क्र.सं. | विवरण | क्षेत्रफल (हे.मा) | प्रतिशत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | ६१५९४ | ४३.८ |
| क) | उपत्यका, टार, बेंसी | ७७५८ | ५.५ |
| ख) | भिरालो | ३९४४३ | २८.१ |
| ग) | कम भिरालो | १४३९३ | १०.२ |
| २ | बन जंगल क्षेत्र | ३९५६५ | २८.१६ |
| ३ | झाडी क्षेत्र | ३४२३६ | २४.३७ |
| ४ | चरण क्षेत्र | ३७४६ | २.६७ |
| ५ | चट्टान | १२६८ | ०.९ |
| ६ | नगर | ६० | ०.०४ |
| ७ | भु-क्षय | १२ | |
| कूल जम्मा | | १४०४८६ | १४०४८६ |

भू-उपयोग नक्साको आधारमा कृषि क्षेत्रलाई निम्नानुसार वर्गीकरण गरिएको छः-

| क्र.सं. | विवरण | क्षेत्रफल (हे.) | हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| १. | उपत्यका, टार, बेसी, आदि कम भिरालो क्षेत्र | ७,७५८ | १२.६ |
| २. | पहाडमा समतल गह्रा भएको क्षेत्र | १४,३९३ | २३.४ |
| ३. | पहाडमा भिरालो गह्रा भएको क्षेत्र | ३९,४४३ | ६४.० |
| | **जम्मा कृषि क्षेत्र** | **६१,५९८** | **१००** |

*श्रोतः काभ्रेपालञ्चोक जिल्लाको पार्श्व चित्र, जि.वि.स. काभ्रेपलाञ्चोक,२०६८, जिल्ला वस्तुगत विवरण, २०७०*

वि.सं. २०६८ सालको कृषि गणना अनुसार यस जिल्लामा प्रति परिवार करिब ०.६ हेक्टर जग्गा रहेको छ। त्यसमा पनि करिब १५.९% को एक स्थानमा मात्र जग्गा छ। यसै गरी २-३ स्थानमा ५३.४%, ४-५ स्थानमा २२.५% र ६-९ स्थानमा ७.६% र १० वा सो भन्दा माथि स्थानमा ०.६% को जग्गा रहेको छ। यस जिल्लामा करिब १२% घरधुरीले कुनै न कुनै रुपमा अरुको जग्गा भाडामा वा कमाउने गरेका छन्।

## ६. धार्मिक-सांस्कृतिक स्थिति

यस जिल्लामा हिन्दु एवं बौद्धमार्गीहरूका ऐतिहासिक पक्षहरूसँग जोडिएका प्रसिद्ध मन्दिर र गुम्बाहरू रहेका छन्। पलाञ्चोक भगवती, चण्डेश्वरी, नमोबुद्ध, ईन्द्रेश्वर महादेव, धनेश्वर महादेव, नारायणस्थान मन्दिर, लडकेश्वर महादेव, ब्रम्हायणी, रंगनाथ मन्दिर, गोरखनाथ, फुल्चोकी, शैलेश्वर गोसाईंस्थान, आशापुरी महादेव, घ्याङथली गुम्बा, करूणामय, गौखुरेश्वर, दुग्धेश्वर, दोलालेश्वर महादेव आदि तीर्थस्थलहरू रहेका छन्। यस जिल्लामा सांस्कृतिक

महत्वका निकै रोचक, आकर्षक र बृहत् जात्रा एवं मेलाहरू पनि आवधिक रूपमा लाग्दछन् । विशेष प्रख्यातिका दृष्टिले त्यस्ता केही मेलाहरूमध्ये प्रत्येक १२ वर्षमा लाग्ने मकर मेला (पनौती), पनौती जात्रा (ज्याःपून्हि), नवदुर्गा जात्रा (पनौती/धुलिखेल), बाह्र वर्षे हरिसिद्धि मेला (धुलिखेल र पनौति), प्रत्येक जनै पूर्णिमामा लाग्ने शैलेश्वर गोसाईंस्थान मेला (बनेपा), वैशाख पूर्णिमामा लाग्ने चण्डेश्वरी जात्रा (बनेपा), विस्केटजात्रा (श्री खण्डपुर, धुलिखेल र साँगा), पलाञ्चोक भगवतीमा लाग्ने जात्रा (साठ्ठीघर), दुग्धेश्वर महादेवस्थानमा लाग्ने राँके जात्रा (पाँचखाल) कार्तिक पूर्णिमा (हरिबोधनी एकादशीपछि) मा लाग्ने नमोबुद्ध दर्शन (श्यामपाटी सिमलचौर), हरिबोधिनी एकादशीमा लाग्ने लडकेश्वर महादेव जात्रा (बल्थली), माघ महिनाभर लाग्ने धनेश्वर महादेव दर्शन (धनेश्वर), जनैपूर्णिमामा नारायणस्थानमेला महत्वपूर्ण मानिन्छन् ।

यस जिल्लामा अन्य जिल्लाहरूको जस्तै जातजाती विशेषले मान्दै आएका चाडपर्वहरू फरक फरक रहेका छन् । प्रत्येक जातीहरूको भाषा, ससंकृति तथा भेषभुषा हिन्दु धर्म मान्ने अधिकाशं जातजातीहरूले बडादशैं, तिहार, माघेसंक्रान्ति, फागुपूर्णिमा, चैते दशैं, चण्डी पूर्णिमा, साउने संक्रान्ति, जनै पूर्णिमा, तिज, कुलपुजा/दिवाली आदि प्रमुख रहेका छन् । जिल्लामा बसोबास गर्ने आदिवासी जनजातिहरुका आ-आफ्नै रीतिरिवाजहरू रहेका छन् । जिल्लामा प्रमुख जाति तामाङका करीव ४० थरहरू रहेका छन् । तिनीहरूमा मोक्तान, स्याङतान, योन्जन, वाइवा, पाख्रीन, लोप्चन, रूम्वा, वल, गोले, बम्जन, थोकर, थिङ, दोङ, घिसिङ, व्लोन मुख्य रहेका छन् । तामाङ समुदायहरूले मान्दै आएको मुख्य चाडपर्वहरूमा बुद्ध जयन्ती, दशैं, तिहार, सोनाम लोच्छार प्रमुख रहेका छन् । त्यस्तै नेवार जातिहरूमा बौद्ध धर्म मान्ने र हिन्दु धर्म मान्ने दुई फरक जातिहरू रहेका छन् । यी जातिहरूले मान्दै आएका मुख्य चाडपर्वहरूमा बैशाख पूर्णिमा, सिठी नखः गठेमंगल, गुनीपुन्ही, येलापुन्ही, दशैं, लक्ष्मी पूजा, म्हः पूजा, किजा पूजा, योमोरी पुन्ही, श्रीपञ्चमी, होली पुन्ही, ल्हुटीपुन्ही आदि मुख्य रहेका छन्।

यस जिल्लाका दनुवार जातिहरुले मुख्य गरी साउने संक्रान्ति, जनै पूर्णिमा, धान्य पूर्णिमा, चैते दशै, चण्डी पूर्णिमा, चैत्र महिनामा सातबारको पुजा, भूमि पुजा आदि मुख्य रहेका छन् । जिल्लाका आदिवासी पहरीहरूले मुख्य गरी जनै पूर्णिमा, गाईजात्रा, दशैं, तिहार, मंसिरमा ख्याती गीत गाउने तथा भैलो खेल्ने, गोठपूजा, गुठ्ठी पर्व, देवाली पूजा, चैत्रजात्रा, कुमारी पूजा तथा सिठ्ठी पर्व मान्ने गर्दछन्। पहरी जातिहरुको जस्तै माझी जातिहरूको पनि आफ्नै परम्परा रहेको छ। अधिकांश परम्परा तथा रीतिरिवाजहरू भने लोप भै सकेका छन्। यी जातीहरू मुख्यगरी पित्रृ उद्धार जात्रा, कोशी पूजा, साउने संक्रान्ति, मंसिर पूर्णिमा रहेका छन्। जिल्लामा मगर तथा गुरूङ जातिहरू थोरै र छरिएर रहेका छन् ।

खासगरी गुरूङ जातिले तमु लोछार, तोहो लेहन्, दशैं, तिहार, सिल्दो थिवा आदि मान्ने गर्दछन् भने मगरहरूले माघे संक्रान्ति, भूमे पर्व, दशैं, तिहार, चैते दशै, साउने संक्रान्ति मान्ने गर्दछन् ।

वि.सं. २०६८ को जनगणना अनुसार यस जिल्लाका विभिन्न धर्मावलम्बीहरुको विवरण तल प्रस्तुत गरिएको छः-

| क्र.सं. | धर्म | जम्मा जनसंख्या | प्रतिशतमा |
|---|---|---|---|
| १. | हिन्दु | २३८९९४ | ६२.५६ |
| २. | बौद्ध | १३२२४५ | ३४.६२ |
| ३. | क्रिश्चियन | ६,७८६ | १.७८ |
| ४. | प्रकृति | २,२८६ | ०.६० |
| ५. | ईस्लाम | ३१८ | ०.०८ |
| ६. | शिख | ७५ | ०.०२ |
| ७. | किरात | ६१ | ०.०२ |
| ८. | बहाई | २९ | ०.००८ |
| ९. | वोन | ४ | ०.००१ |
| १०. | जैन | ३ | ०.००१ |
| ११. | नखुलेको | १,२३० | ०.३२ |

## ७. ऐतिहासिक धार्मिक एवं पर्यटकीय महत्वका स्थलहरु

यस जिल्लाको प्रमुख धार्मिक तीर्थस्थल एवं ऐतिहासिक स्थलहरुमा पलाञ्चोक भगवती, इन्द्रेश्वर महादेव (पनौती), चण्डेश्वरी भगवती र धनेश्वर महादेव (वनेपा), नमोवुद्ध (श्यामपाटी), उग्रचण्डी भगवती (नाला), गौखुरेश्वर महादेव, दुलालेश्वर महादेव (दोलालघाट), कश्यपेश्वर महादेव (महादेवस्थान), नारायणस्थान (धुलिखेल), उमादेवी माई (चण्डेनी), थुम्कीडाँडा (वल्थली), वेथान्चोक नारायण (ढुंखर्क) आदि हुन्।

त्यसैगरी प्रमुख पर्यटन स्थलहरु निम्नानुसार रहेका छन् -

### धार्मिक, सास्कृतिक एवं पुरातात्विक महत्वका क्षेत्रहरु

### धुलिखेल क्षेत्र

(१) गौखुरेश्वर महादेव
(२) भगवती मन्दिर (चोंछे टोल)
(३) शेषनारायण (दू टोल)
(४) गोरखनाथ मन्दिर (जघूँ टोल)
(५) हरिसिद्धि मन्दिर (दू टोल)
(६) गणेश मन्दिर (व टोल)

(७) भीमसेन मन्दिर (शहर बाहिर)

**बनेपा क्षेत्र**

(१) चण्डेश्वरी
(२) नारायण मन्दिर
(३) महादेव मन्दिर(दथू टोल)
(४) महादेव मन्दिर(कोला टोल)
(५) चिवहाल चैत्य,असफल टोल
(६) लोकेश्वर भोलाखां टोल
(७) कोवा गणेशकोबा टोल
(८) महादेव मन्दिर(वकु टोल)
(९) न्हुवहाल (वकुटोल)
(१०) उमामहेश्वर (बजार)
(११) लोकेश्वर घ्छें,९भोलाखा टोल)
(१२) ढुंगेधारा (वकु टोल)
(१३) पोखरी (वकुटोल)
(१४) वकुटोल
(१५) पाटी स्वधाटोल
(१६) मन्दिर (स्वधाटोल)

**पनौती क्षेत्र**

(१) इन्द्रेश्वर महादेव र सो परिसर भित्र रहेका तोला नारायण र भैरवनाथको मन्दिर
(२) ब्रम्हायणी मन्दिर एवं वासुकी नाग
(३) भद्रकाली मन्दिर
(४) महालक्ष्मी मन्दिर
(५) गोरखनाथ मन्दिर
(६) रंगनाथ मन्दिर
(७) द्रौपदा देवीस्थान
(८) कांठ कुमारी गणेश
(९) मानेश्वरी माई
(१०) संकटा मन्दिर
(११) भीमसेन मन्दिर

त्यसैगरी प्रमुख पर्यटन स्थलहरु निम्नानुसार रहेका छन् -

| क्र.सं. | गा.पा./न.पा. | स्थान | सदरमुकामबाट दुरी (कि.मि.) | दर्शनिय क्षेत्र / स्थान |
|---|---|---|---|---|
| १. | सर्स्युंखर्क | नौलीचौर आधाबाट | १८ | हिमाली श्रृंखला |
| २. | बालुवापाटी देउपुर | नगरकोट | २६ | हिमाली श्रृंखला |
| ३. | नयागाँउ देउपुर | द्वारपाल, ठूलोचौर | २२ | हिमाली श्रृंखला |
| ४. | धुलिखेल न.पा. | धुलिखेल देवीस्थान | ० | मन्दिर, हिमाली श्रृंखला |
| ५. | भुम्लुटार | बेलडाँडा-सुनकोशी र इन्द्रावती | २७ | |

## ८. जनसंख्या विवरण

राष्ट्रिय जनगणना २०६८ अनुसार काभ्रेपलाञ्चोक जिल्लाको कुल जनसंख्या ३,८१,९३७ रहेको छ, जसमध्ये पुरूष ४७.९० प्रतिशत (१,८२,९३६) र महिला ५२.१० प्रतिशत (१,९९,००१) रहेका छन् । यसैगरी कुल जनसंख्याको ६२.५१ प्रतिशत नगरपालिकामा र बाँकी ३७.४९ प्रतिशत गाउँपालिकामा बसोबास गरेको देखिन्छ ।

समग्रमा भने जिल्लाको कुल जनसंख्या बृद्धिदर -०.१ प्रतिशत रहेको छ । तर शहरी क्षेत्रको जनसंख्या बृद्धिदर भने ०.३६ ले बृद्धि भएको देखिन्छ भने जिल्लाको ग्रामिण क्षेत्रमा जनसंख्या बृद्धिदर नकारात्मक (-१.१) रहेको देखिन्छ । (यहाँ शहरी क्षेत्र भन्नाले ६ वटा न.पा. लाई लिइएको छ भने बाँकी गाउँपालिकालाई ग्रामिण क्षेत्रको रुपमा लिइएको छ) । यस बाहेक लैङ्गिक अनुपात तथा औषत परिवार संख्या ९२ र ४.७३ रहेको छ । गाउँपालिका अनुसार हेर्दा औषत परिवार धेरै हुने गाउँपालिकामा महाभारत (६.३), कम हुने गाउँपालिकामा भुम्लु (४.२), भने नगरपालिका धेरै र थोरै हुनेमा क्रमशः बनेपा र पाँचखाल पर्दछन् ।

जिल्लाको जनघनत्व (प्रति वर्गकिलोमिटरमा बसोबास गर्ने जनसंख्या) हेर्दा २७६ बाट २७४ मा झरेको छ । तर शहरी क्षेत्रको जनघनत्व बढेको देखिन्छ जसअनुसार ४४९ पुगेको छ र ग्रामिण क्षेत्रको १६१ रहेको छ । यसैगरी छ वटा नगरपालिका मध्ये जनघनत्व बढी हुनेमा बनेपा (१०१४) र कम हुनेमा नमोबुद्ध (२८९) पर्दछ भने गाउँपालिकामा बढी र कम हुनेमा क्रमशः तेमाल (२५५) र महाभारत (९८) पर्दछन् ।

सालाखाला वार्षिक जनसंख्या वृद्धिदर ०.१ प्रतिशत रहेको छ। जिल्लाका १३ गाउँपालिका तथा नगरपालिका मध्ये ४ गाउँपालिका तथा २ नगरपालिका जनसंख्या वृद्धिदर नकारात्मक रहेको छ । घट्दोदरमा जनसंख्या रहेका गाउँपालिकामा भुम्लु, चौरी

देउराली, रोशी र तेमाल पर्दछन् भने नगरपालिकामा नमोबुद्ध र मण्डन देउपुर रहेको छ । जनगणना २०६८ को तथ्याङ्क अनुसारको गाउँपालिका तथा नगरपालिकाको विस्तृत विवरण तथा २०७३ सालको प्रक्षेपित जनसंख्या तलको तालिकामा दिइएको छ ।

| २०६८ को जनगणना अनुसार जिल्लाको जनसंख्या विवरण | | | |
|---|---|---|---|
| विवरण | २०६८ | | |
| | जिल्ला | नगरपालिका | गाउँपालिका |
| कुल घरधुरी | ८०७२० | ५१८१९ | २८८३२ |
| कुल जनसंख्या | ३८१९३७ | २३४५६० | १४०६६१ |
| पुरूष | १८२९३६ | १११४६४ | ६६०८२ |
| महिला | १९९००१ | १२३०९६ | ७४५७९ |
| कुल क्षेत्रफल | १३९६ | ५२२ | ८७४ |
| औषत परिवार संख्या | ४.७३ | ४.५३ | ४.८८ |
| लैङ्गिक अनुपात | ९१.९३ | ९०.५५ | ८८.६१ |
| जनघनत्व | २७४ | ४४९ | १६१ |
| जनसंख्या बृद्धिदर | -०.१ | ०.३६ | -१.१ |

## २०६८ को जनगणना अनुसार गाँउपालिका तथा नगरपालिकाको जनसंख्या

| क्र.सं. | गाउँ/नगर पालिका | घरपरिवार | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|
| १ | भुम्लु गाउँपालिका | ४५१३ | ८८१६ | १०१०० | १८९१६ |
| २ | चौरी देउराली गाउँपालिका | ४६६४ | ९४६८ | ११३६१ | २०८२९ |
| ३ | खानीखोला गाउँपालिका | २३७२ | ७०६४ | ७३३४ | १४३९८ |
| ४ | महाभारत गाउँपालिका | २९१० | ८९४१ | ९३४२ | १८२८३ |
| ५ | तेमाल गाउँपालिका | ४८७६ | १०५८३ | १२१२९ | २२७१२ |
| ६ | रोशी गाउँपालिका | ५८९६ | १३५३१ | १५२१५ | २८७४६ |
| ७ | बेथानचोक गाउँपालिका | ३६०१ | ७६७९ | ९०९८ | १६७७७ |
| ८ | नमोबुद्ध नगरपालिका | ६५८४ | १३६०४ | १५९१५ | २९५१९ |
| ९ | मण्डन देउपुर नगरपालिका | ७३२८ | १५३२० | १७३३९ | ३२६५९ |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | पाँचखाल नगरपालिका | ८५४४ | १७९४३ | २००५४ | ३७९९७ |
| ११ | धुलिखेल नगरपालिका | ७०६१ | १५४८४ | १६६७८ | ३२१६२ |
| १२ | बनेपा नगरपालिका | १२१०६ | २७३०५ | २८३२३ | ५५६२८ |
| १३ | पनौती नगरपालिका | १०१९६ | २१८०८ | २४७८७ | ४६५९५ |

## गाँउपालिका तथा नगरपालिकाको प्रक्षेपित जनसंख्या २०७३

| क्र.सं. | गाउँ/नगर पालिका | पुरुष | महिला | जम्मा | क्षेत्रफल | जनघनत्व | औषत घरपरिवार | लैङ्गिक अनुपात | बृद्धिदर |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | भुम्लु गा.पा. | ९१३७ | १०३८८ | १९५२५ | ९१ | २०८ | ४.२ | ८७.२९ | -१.७८ |
| २ | चौरी देउराली गा.पा. | ९८१२ | ११६८७ | २१४९९ | ९८ | २१३ | ४.५ | ८३.३४ | -२.६४ |
| ३ | खानीखोला गा.पा. | ७३२१ | ७५४१ | १४८६१ | १३२ | १०९ | ६.१ | ९६.३२ | ०.१५ |
| ४ | महाभारत गा.पा. | ९२६६ | ९६०५ | १८८७१ | १८६ | ९८ | ६.३ | ९५.७१ | ०.१ |
| ५ | तेमाल गा.पा. | १०९६८ | १२४७५ | २३४४३ | ८९ | २५५ | ४.७ | ८७.२५ | -१.४९ |
| ६ | रोशी गा.पा. | १४०२३ | १५६४८ | २९६७१ | १७६ | १६३ | ४.९ | ८८.९३ | -०.४९ |
| ७ | बेथानचोक गा.पा. | ७९५८ | ९३५९ | १७३१७ | १०१ | १६६ | ४.७ | ८४.४ | -१.०८ |
| ८ | नमोबुद्ध न.पा. | १४०९९ | १६३७० | ३०४६९ | १०२ | २८९ | ४.५ | ८५.४८ | -०.९६ |
| ९ | मण्डन देउपुर न.पा. | १५८७७ | १७८३३ | ३३७१० | ८९ | ३६७ | ४.५ | ८८.३६ | -०.९३ |
| १० | पाँचखाल न.पा. | १८५९५ | २०६२४ | ३९२२० | १०३ | ३६९ | ४.४ | ८९.४७ | ०.०१ |
| ११ | धुलिखेल न.पा. | १६००७ | १७०१९ | ३३०२६ | ५५ | ५८२ | ४.६ | ९२.८४ | ०.७ |
| १२ | बनेपा न.पा. | २८३३८ | २९२५१ | ५७५९० | ५५ | १०१४ | ४.६ | ९६.४१ | २.३३ |
| १३ | पनौती न.पा. | २२६०१ | २५४९४ | ४८०९५ | ११८ | ३९५ | ४.६ | ८७.९८ | ०.१९ |

श्रोतः जिल्ला वस्तुगत विवरण (नयाँ स्थानिय तह अनुसार), काभ्रेपलाञ्चोक, २०७४

## उमेर समुह अनुसार जिल्लाको जनसंख्या

| उमेर समुह | ०–४ | ५–९ | १०–१४ | १५–१९ | २०–२४ | २५–२९ | ३०–४४ | ३५–३९ | ४०–४४ | ४५–४९ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | २८०१३ | ३८८६० | ५०९२५ | ४६६८० | ३४२४० | २८७२९ | २४३४४ | २३६२० | २१५७४ | १८७७६ |
| प्रतिशत | ७.३३ | १०.१७ | १३.३३ | १२.२२ | ८.९६ | ७.५२ | ६.३७ | ६.१८ | ५.६५ | ४.९२ |
| पुरूष | १४५२५ | १९४६९ | २५६०४ | २१९३७ | १५१२८ | १३२६४ | १०९७३ | १०७३४ | १०१५२ | ८९८७ |
| महिला | १३४८८ | १९३९१ | २५३२१ | २४७४३ | १९११२ | १५४६५ | १३३७१ | १२८८६ | ११४२२ | ९७८९ |
| | | | | | | | | | | |
| उमेर समुह | ४९–५४ | ५५–५९ | ६०–६४ | ६५–६९ | ७०–७४ | ७५–७९ | ८०–८४ | ८४–८९ | ९०–९४ | ९५+ |
| जम्मा | १६८९४ | १२३७० | ११४३७ | ९३३६ | ६९३७ | ४८५९ | २६९५ | १०९६ | ४१३ | १४० |
| प्रतिशत | ४.४२ | ३.२४ | २.९९ | २.४४ | १.८९ | १.२७ | ०.७१ | ०.२९ | ०.११ | ०.०४ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरूष | ८२७२ | ६१९६ | ५४२५ | ४५२९ | ३३५५ | २३७२ | १२५२ | ५२९ | १८४ | ४९ |
| महिला | ८६२२ | ६१७४ | ६०१२ | ४८०७ | ३५८२ | २४८७ | १४४२ | ५६७ | २२९ | ९१ |

स्रोतः राष्ट्रिय जनगणनाको प्रतिवेदनः २०६८

## ८.१ जातिगत जनसंख्या विवरणः

राष्ट्रिय जनगणना, २०६८ अनुसार यस जिल्लामा जातिगत आधारमा जनसंख्याको विवरण निम्नानुसार रहेको छः-

| क्र.सं. | जातजातिको नाम | जनसंख्या | पुरुष | महिला | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | तामाङ्ग | १२९९१३ | ६१५४३ | ६८३७० | ३४.०१ |
| २. | ब्राह्मण पहाडी | ८२२४३ | ३८८५५ | ४३३८८ | २१.५३ |
| ३. | क्षेत्री | ५२२७५ | २५४७८ | २६७९७ | १३.६९ |
| ४. | नेवार | ५०६७० | २४५९१ | २६०७९ | १३.२७ |
| ५. | मगर | १४५७२ | ७०४० | ७५३२ | ३.८२ |
| ६. | कामी | ९२१८ | ४३८१ | ४८३७ | २.४१ |
| ७. | सार्की | ७१२४ | ३३७३ | ३७५१ | १.८७ |
| ८. | दनुवार | ६८६५ | ३१९६ | ३६६९ | १.८ |
| ९. | दमाई | ५५६७ | २५७८ | २९८९ | १.४६ |
| १०. | सन्यासी/दशनामी | ३५८८ | १६८१ | १९०७ | ०.९४ |
| ११. | पहरी | ३५३७ | १७०८ | १८२९ | ०.९३ |
| १२. | घर्ती/भुजेल | ३३७७ | १६५२ | १७२५ | ०.८८ |
| १३. | ठकुरी | २९६० | १४६० | १५०० | ०.७७ |
| १४. | माझी | २७६४ | १३३९ | १४२५ | ०.७२ |
| १५. | गुरुङ्ग | ११७१ | ५९७ | ५७४ | ०.३१ |
| १६. | राई | ११०८ | ५५० | ५५८ | ०.२९ |
| १७. | थारु | ३९० | २८५ | १०५ | ०.१ |
| १८. | मुसलमान | ३१८ | २३२ | ८६ | ०.०८ |
| १९. | लिम्वु | २४९ | १३५ | ११४ | ०.०७ |
| २०. | भोटे | २१० | १०३ | १०७ | ०.०५ |
| २१. | सुनुवार | २१० | ९९ | १११ | ०.०५ |
| २२. | यादव | १८८ | १३३ | ५५ | ०.०५ |
| २३. | तेली | १८१ | १३७ | ४४ | ०.०५ |
| २४. | वादी | १४७ | ८१ | ६६ | ०.०४ |
| २५. | हजाम/ठाकुर | १४६ | ७८ | ६८ | ०.०४ |

| क्र.सं. | जातजातिको नाम | जनसंख्या | पुरुष | महिला | प्रतिशत |
|---|---|---|---|---|---|
| २६. | कथवनिया | १२३ | ८५ | ३८ | ०.०३ |
| २७. | कलवार | ११७ | ६१ | ५६ | ०.०३ |
| २८. | शेर्पा | १०९ | ६८ | ४१ | ०.०३ |
| २९. | सोनार | १०० | ६६ | ३४ | ०.०३ |
| ३०. | ब्राह्मण तराई | ८६ | ३७ | ४९ | ०.०२ |
| ३१. | चमार/हरिजन/राम | ६३ | ३४ | २९ | ०.०२ |
| ३२. | कोइरी/कुशवाहा | ४६ | २७ | १९ | ०.०१ |
| ३३. | कायस्थ | ४५ | ३९ | ६ | ०.०१ |
| ३४. | हलुवाई | ४५ | २४ | २१ | ०.०१ |
| ३५. | हायु | ४५ | १८ | २७ | ०.०१ |
| ३६. | थकाली | ४४ | २१ | २३ | ०.०१ |
| ३७. | सुधी | ३५ | २१ | १४ | ०.०१ |
| ३८. | धानुक | ३४ | २३ | ११ | ०.०१ |
| ३९. | मारवाडी | ३१ | १७ | १४ | ०.०१ |
| ४०. | कुमाल | ३१ | २६ | ५ | ०.०१ |
| ४१. | लोध | २५ | ६ | १९ | ०.०१ |
| ४२. | घले | १२ | १ | ११ | ०. |
| ४३. | वंगाली | २४ | १५ | ९ | ०.०१ |
| ४४. | कर्मी | २२ | १८ | ४ | ०.०१ |
| ४५. | धोवी | २१ | १४ | ७ | ०.०१ |
| ४६. | मुसहर | १९ | १० | ९ | ०. |
| ४७. | कानु | १६ | १३ | ३ | ०. |
| ४८. | राजवंशी | १५ | ८ | ७ | ०. |
| ४९. | विदेशी | १५ | ११ | ४ | ०. |
| ५०. | धिमाल | १४ | ७ | ७ | ०. |
| ५१. | गाईने | १३ | ५ | ८ | ०. |
| ५२. | नुनिया | १३ | १२ | १ | ०. |
| ५३. | मन्डा | १३ | ६ | ७ | ०. |
| ५४. | याक्खा | १२ | ७ | ५ | ०. |
| ५५. | पथरमट्टा/कुशवाडिया | ११ | ७ | ४ | ०. |
| ५६. | अन्य जातजाति | १०९ | ५५ | ५४ | ०.०३ |
| ५७. | अन्य तराइ | ३८३ | २३२ | १५१ | ०.१ |
| ५८. | अन्य दलित | १०४० | ५११ | ५२९ | ०.२७ |

| क्र.सं. | जातजातिको नाम | जनसंख्या | पुरुष | महिला | प्रतिशत |
|---|---|---|---|---|---|
| ५९. | अन्य | २१५ | १२६ | ८९ | ०.०६ |
| | **जम्मा** | **३८१९३७** | **१८२९३६** | **१९९००१** | **१००** |

## ९. अर्थतन्त्र

काभ्रेपलाञ्चोक जिल्लाको आर्थिक मेरुदण्ड मूलतः कृषि नै हो। राष्ट्रिय जनगणना, २०६८ अनुसार जिल्लाको ७०.३०% घरपरिवार कृषि पेशामा संलग्न छन्। कृषि कार्यभित्र पनि पशुपालन, अन्नबाली, नगदेबाली, फलफूल खेती, रेशमखेती र मौरीपालन उल्लेखनिय छन्। दूध, आलु, सुन्तला र मौसमी/वेमौसमी तरकारी उत्पादनका लागि यस जिल्ला नेपालकै अग्रणी जिल्लाहरुमध्ये पर्दछ। कृषि बाहेक काभ्रेलीहरु सरकारी सेवा (जङ्गी, निजामती, प्रहरी, शिक्षण), व्यापार/व्यवसाय र वैदेशिक रोजगारमा विशेष सक्रिय रहेका भेटिन्छन्। जिल्लाको प्रमुख व्यापारिक केन्द्र बनेपा हो। औद्योगिक गणना, २०६९ अनुसार जिल्लामा ३० वटा ठूला खालका उत्पादनमूलक उद्योगहरु छन्।

## १०. नदि/नाला

यस जिल्लामा साना ठूला गरी कूल ४९२ नदिहरु भएकोमा प्रमुख नदिहरु सुनकोशी, इन्द्रावती, रोशी, र बागमती रहेको छन्। सुनकोशी र इन्द्रावती नदिको जलाधार क्षेत्र करिब ७४२ वर्ग कि.मी. रहेको छ भने रोशी खोलाको जलाधार क्षेत्र करिब ५३४ वर्ग कि.मी. र बागमतीको जलाधार करिब १२९ वर्ग कि.मी. रहेको छ। यस जिल्लामा रहेका नदिनालाको कूल लम्बाई करिब १,५७३ कि.मी. रहेको छ।

सिंचाईको दृष्टिकोणले रोशी खोलाको महत्वपूर्ण स्थान छ। यस्तै गरी अन्य साना खोलाहरुमा चाखोला, डाँफेखोला, झिकुखोला, घट्टेखोला, पुण्यमाता र अन्य खहरे खोलाहरुबाट सिंचाई हुने गर्दछ। जिल्लाको भौगोलिक बनावट अनुसार यस जिल्लामा कूल ७,९५० हेक्टर भूमि सिंचाईयोग्य रहेको छ भने हाल ५,१३७ हेक्टर जग्गामा बाह्रै महिना सिंचाई सुविधा पुगेको छ। त्यस्तै गरी हाल ९,८५० हेक्टर भूमिमा मौसमी सिंचाई हुने गर्दछ।

## ११. सिंचाईको स्थिति

जिल्लामा खेती गरिएको कूल जमिन मध्ये सिंचाई सुविधा १४.७३ प्रतिशत जमिनमा उपलव्ध भएको देखिन्छ। त्यस्तै मौसमी रुपमा सिंचाई उपलव्ध भएको क्षेत्र ८.६ प्रतिशत रहेको छ। उपलव्ध सिंचाई सुविधा खेती गरिएको कूल जमिनको अनुपातमा न्यून रहेको छ। जिल्लाका अधिकांश कृषकहरु मौसमी वर्षामा निर्भर हुने यस तथ्याङ्कले देखाउँदछ।

| विवरण | क्षेत्रफल (हेक्टरमा) | प्रतिशतमा |
|---|---|---|
| जम्मा कृषि क्षेत्र | ६१५९८ | ४३.८ (कूल क्षेत्रफलको) |

| | | |
|---|---|---|
| खेती गरिएको क्षेत्रफल | ४८४४० | ७८.६ (कृषि क्षेत्रको) |
| बाह्रै महिना सिंचाई हुने क्षेत्र | ७१४० | १४.७३ (खेती गरिएको क्षेत्रफलको) |
| मौसमी रुपमा सिंचाई हुने क्षेत्र | ४१७० | ८.६ (खेती गरिएको क्षेत्रफलको) |

*श्रोतः वार्षिक कृषि विकास कार्यक्रम तथा तथ्याङ्क पुस्तिका २०७०, जि.कृ.वि.का. काभ्रे*

# खण्ड-खः मसला बाली विकास केन्द्रको परिचय

## १. केन्द्रको स्थापना

वि.सं.२०३१ सालमा वृहत्त बागवानी केन्द्रको रुपमा यस केन्द्रको स्थापना भएको हो। केही वर्ष पश्चात् यस केन्द्रको नाम परिवर्तन भै बागवानी विकास केन्द्रको रुपमा रहन गयो भने आ.व.२०६१/६२ देखि यस केन्द्रको नामाकरण मसला बाली विकास केन्द्रको रुपमा हुन गै यस केन्द्रले बागवानीका सबै पक्षहरुलाई समेटी कार्यक्रमहरू संचालन गर्दै आई रहेको छ।

## २. केन्द्रको भौगोलिक स्थिति

- अक्षांश : २७°४१'
- देशान्तर : ८५°३८'
- हावापानी : उपोष्ण
- तापक्रम : ३८ डिग्री सेन्टिग्रेड (अधिकतम)
  : ०.२ डिग्री सेन्टिग्रेड (न्यूनतम)
- औषत वर्षा : ११५० मिलिमिटर
- उचाई : ८६५ मिटर (समुन्द्र सतहवाट)
- क्षेत्रफल : ७.६ हेक्टर (१५२ रोपनी)
- सिमाना : पूर्व - होक्से गा.वि.स. पश्चिम - धुलिखेल न.पा.
  : उत्तर - जैसिथोक गा.वि.स. दक्षिण - बालुवा गा.वि.स.
- स्थान : पाँचखाल नगरपालिका, वार्ड नं. ०३, तामाघाट
- जिल्ला : काभ्रे
- काठमाण्डौंदेखिको दूरी : ४४ कि.मी.

## ३. केन्द्रका उद्देश्यहरु

यस केन्द्रको मुख्य उद्देश्य श्रोत केन्द्रको रुपमा रही समन्वयात्मक रुपमा कृषकहरुको चाहना र आवश्यकता अनुरुपको प्राविधिक सेवा, प्रविधि विकास, प्रविधि संकलन, प्रदर्शन र प्रवर्द्धनका साथै वोट बिरुवा, बेर्ना र बीउ उत्पादन तथा बिक्री वितरण आदि कार्य मार्फत् कृषि क्षेत्रको विकास गरी यस केन्द्रको प्रभाव क्षेत्रका कृषकहरुको गरिबी न्यूनिकरणमा सहयोग पुऱ्याउने रहेकोमा केन्द्रले आफ्नो उद्देश्यलाई अल्पकालिन र दीर्घकालिन रूपमा निम्नानुसार विभाजन गरेको छः-

## ३.१ अल्पकालिन उद्देश्यहरु

- अदुवा र बेसार बालीहरुको पाना (बीउ) उत्पादन तथा बिक्री वितरण गर्ने।
- यस केन्द्रको हावापानी सुहाउँदो अन्य मसला बालीको बीउ उत्पादन गरी बिक्री वितरण गर्ने।
- देशका विभिन्न स्थानमा पाईने विभिन्न प्रकारका मसला बालीका जर्मप्लाज्महरु संकलन, सम्वर्द्धन, संरक्षण र प्रसारण गर्ने।
- उन्नत जातका आलुको मूल (बेसिक) बीउ, तरकारीको मूल बीउ उत्पादन तथा बिक्री वितरण गर्ने।
- विभिन्न प्रकारका उन्नत जातका तरकारी बालीहरूका बेर्ना उत्पादन गरी बिक्री वितरण गर्ने।
- स्थानिय हावापानी सुहाउँदो उन्नत जातका सदाबहार फलफूल, पुष्प, आलङ्कारीक बिरुवा र कफीका बोट बिरुवा उत्पादन तथा बिक्री वितरण गर्ने।
- फलफूल तथा तरकारी बालीका समस्यामूलक परीक्षणहरु संचालन गरी समस्या निराकरण गर्ने।
- मसला बाली लगायत अन्य बालीहरुको अवलोकन, अध्ययन र परीक्षण गर्ने।
- मसला, तरकारी, आलु तथा फलफूल बालीमा कृषकस्तरमा तालिम संचालन गर्ने।
- कमाण्ड क्षेत्रका कृषकहरूलाई मसला बाली लगायत अन्य बागवानीजन्य बालीमा प्राविधिक सेवा पुऱ्याउने।

## ३.२ दीर्घकालिन उद्देश्यहरू

- मसला वालीको श्रोत एवं सम्वर्द्धन थलोका रुपमा यस बालीको आन्तरिक माग र आयात प्रतिस्थापनमा सहयोगी भूमिका खेल्ने।
- यस भेगका जनमानसमा तरकारी तथा फलफूल खाने बानी बसाली उनिहरुको स्वास्थ्यमा क्रमिक सुधार ल्याउने।
- राजमार्ग आसपासा बेरोजगारी, निम्न आय भएका कृषकहरुको आयश्रोत बढाई जीवनस्तर उकास्नेतर्फ टेवा पुर्‍याउने।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा बढ्दै गएको गुणस्तरयुक्त बीउको मागलाई केही हदसम्म पूर्ति गर्दै जाने।
- सिफारीश गरिएका उन्नत कृषि प्रविधिहरू कृषकहरूलाई हस्तान्तरण गर्दै लैजाने।

## ४. मुख्य कृयाकलापहरु

काभ्रे जिल्लाको उर्वर भूमिको रुपमा परिचित पाँचखाल उपत्यकाको बीचमा अवस्थित यस केन्द्र स्थापना कालदेखि विभिन्न नामले चिनिदै हाल मसला बाली विकास केन्द्रको रुपमा काम गर्दै आईरहेको छ। यस केन्द्रले संचालन गर्ने मुख्य-मुख्य कृयाकलापहरू यस प्रकार रहेका छन् -

- मसला बाली अन्तर्गत मूख्य रुपमा बेसारको पाना (बीउ) उत्पादन, बोसे अदुवाको पाना (बीउ) उत्पादन, लसुन, धनिया, मेथीको बीउ उत्पादन।
- तरकारी बाली तर्फ चौमासे जातको सिमीको तरकारी बीउको श्रोत केन्द्रको रूपमा तरकारीको मूल बीउ उत्पादन।
- तरकारी बेर्ना तर्फ विभिन्न हिउँदे र वर्षे तरकारी बालीका बेर्ना उत्पादन।
- विभिन्न उन्नत जातका आलुको प्रि-बेसिक बीउ तथा बेसिक (मूल) बीउ उत्पादन।
- फलफूल बालीमा आँप, लिचि, अम्बा, रुखकटहर आदिका गुणस्तरिय बिरुवा उत्पादन।
- आलङ्कारीक बिरुवा तर्फ विभिन्न मौसमी, एक वर्षे, बहुवर्षे फूल बिरूवा उत्पादन।
- बागवानी बालीमा स्थानिय श्रोत व्यक्ति तयार गर्नका लागि जिल्ला स्तर अगुवा कृषक तालिम संचालन।
- कृषकहरुलाई परेको समस्या फिल्डस्तरमा नै समाधानको लागि स्थलगत घुम्ती तालिम संचालन।
- केन्द्रको कमाण्ड क्षेत्रका कृषकहरूलाई प्राविधिक सेवा टेवा पुऱ्याउने कार्य।


यस केन्द्रमा उत्पादन हुने कृषि उपजहरू केन्द्रले कृषकहरुलाई सुलभ सरकारी दर रेटमा बिक्री वितरण समेत गर्दै आएको छ जसको फलस्वरुप कृषकहरु व्यावसायिकरण तर्फ उन्मुख भई काठमाण्डौ उपत्यकाका उभभोक्ताहरुको मागको प्रमुख हिस्सा तरकारी र आलुको आपूर्ति यसै क्षेत्रवाट हुँदै आएको छ। यसका साथै फलफूल खेती तर्फ आकर्षित कृषकहरुलाई सेवा प्रदान गर्नुका साथै मसला बालीको एक मात्र श्रोत केन्द्रको रुपमा कृयाकलापहरू संचालन गर्दै कृषकस्तरमा सेवा पुऱ्याउँदै आईरहेको छ।

## ५. केन्द्रको भू-उपयोग विवरण

यस केन्द्रको कुल ७.६ हेक्टर (१५२ रोपनी) क्षेत्रफल जग्गालाई तल देहाय अनुसार विभिन्न बागवानीजन्य बालीहरूको उत्पादनमा उपयोग गरिनुका साथै बाँकी जग्गामा कार्यालय भवन, आवास भवन, बाटो, सिंचाई कूलो, पोखरी आदि निर्माण गरिएको छ। चित्रमा दर्शाए अनुसार केन्द्रको करिब ८४ प्रतिशत जग्गा उत्पादनमूलक कार्यमा प्रयोग भएको छ भने करिब १६ प्रतिशत जग्गामा केन्द्रका पूर्वाधारहरू निर्मित भएका छन्। यस क्रममा ८४ प्रतिशत जग्गा मध्ये सबैभन्दा धेरै अर्थात् ५२ प्रतिशत जग्गामा विभिन्न सदाबहार फलफूलका बगैंचा छन् भने

तरकारी तथा बीउ आलु उत्पादनका लागि २९ प्रतिशत जग्गा, फलफूल नर्सरी बिरूवा उत्पादनका लागि २ प्रतिशत र विभिन्न तरकारी बालीका नर्सरी बिरूवा उत्पादनका लागि १ प्रतिशत जग्गा प्रयोगमा ल्याइएको छ। त्यसै गरी १६ प्रतिशत जग्गा मध्ये ९ प्रतिशत जग्गामा कुलो तथा बाटो, ३ प्रतिशत जग्गामा कार्यालय तथा आवास भवन, ३ प्रतिशत जग्गामा सिंचाई पोखरी र एक प्रतिशत जग्गामा मेट्रोलोजिकल स्टेशन निर्मित छन्।

| क्र.सं. | भू-उपयोग विवरण | क्षेत्रफल (रोपनी) | क्षेत्रफल (हेक्टर) | कैफियत |
|---|---|---|---|---|
| १. | सदाबहार फलफूल बगैंचा | ७८ | ३.९० | यस केन्द्रको ५ रोपनी जग्गा तरकरी संकलन केन्द्रलाई र २.५ रोपनी जग्गा दुध चिस्यान केन्द्रलाई भोगचलनको लागि हस्तान्तरण गरिएको। |
| २. | फलफूल नर्सरी | ३.५ | ०.१७ | |
| ३. | तरकारी नर्सरी | २ | ०.१० | |
| ४. | तरकारी बीउ उत्पादन | ४४ | २.२० | |
| ५. | कार्यालय तथा आवास भवन | ५ | ०.२५ | |
| ६. | कुलो तथा बाटो | १४ | ०.७० | |
| ७. | सिंचाई पोखरी | ५ | ०.२५ | |
| ८. | मेट्रोलोजिकल स्टेशन | ०.५ | ०.०३ | |
| | **जम्मा** | **१५२** | **७.६** | |




चित्र नं. १. केन्द्रको भू-उपयोग (प्रतिशतमा)

## ६. फलफूल माउबोटको विवरण

केन्द्रमा माउबोट ब्लक, जर्मप्लाज्म ब्लक र उत्पादन ब्लक तयार गरी फलफूल बगैंचा स्थापना गरिएको छ। केन्द्रमा भएका विभिन्न फलफूलका माउबोटहरूको विवरण यस प्रकार छः-

| क्र.सं. | फलफूल | जात | माउवोट (संख्या) |
|---|---|---|---|
| १. | आँप | बम्बई ग्रीन, दशहरी, माल्दह, गोपालखास, कृष्णभोग, फजली, चौसा | २५० |
| २. | लिचि | शाही, सिडलेस, मुजफ्फरपुर | २५ |
| ३. | अम्बा | इलाहाबाद सफेदा, चित्तिदार, रेड फ्लेस, लखनउ-४९ | २० |
| ४. | मेकाडेमियानट | किउ | ०२ |
| | | **जम्मा** | **२९७** |

## ७. विभिन्न बालीहरूको जातिय/जर्मप्लाज्म संरक्षण अवस्था

केन्द्रमा जातिय/जर्मप्लाज्म संकलन, संरक्षण तथा सम्वर्द्धन गरिएका विभिन्न बागवानी बालीहरूको विवरण यस प्रकार रहेको छः-

| क्र.सं. | बाली | संकलन, संरक्षण तथा सम्वर्द्धन गरिएका जात | संख्या |
|---|---|---|---|
| १. | लसुन | भोटे, पाँचखाल स्थानिय | ३ |
| २. | अदुवा | कपुरकोट-१, कपुरकोट-२ | ४ |
| ३. | बेसार | कपुरकोट हलेदो-१, सुगन्धा रातो | ३ |
| ४. | मेथी | कस्तुरी | २ |
| ५. | सौंफ | स्थानिय | १ |
| ६. | धनिया | एम १, पि.डि.१ | २ |
| ७. | घ्यू सिमी | चौमासे, त्रीशुली | १ |
| ८. | करेला | ह्वाइट लङ्ग | १ |
| ९. | गोलभेंडा | सि.एल.२०३७ | ३ |
| १०. | आलु | जनकदेव, कार्डिनल, डेजिरे, खुमल रातो, खुमल सेतो | ५ |

## ८. केन्द्रको भौतिक अवस्था

यस केन्द्रमा भएका भौतिक पूर्वाधार, मेशिनरी तथा उपकरणहरूको विवरण यस प्रकार रहेको छ।

| क्र.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १. | कार्यालय भवन पुरानो | १ | भूकम्पले क्षति |

| | | | |
|---|---|---|---|
| २. | कार्यालय भवन नयाँ | १ | प्रि-फ्याब बाट निर्मित |
| ३. | आवास भवन | २ | |
| ४. | स्टोर भवन पुरानो | १ | भूकम्पले क्षति |
| ५. | पाले घर | १ | |
| ६. | पावर टिलर | ३ | एउटा जीर्ण हालतमा |
| ७. | वाटर पम्प चाईनिज | २ | |
| ८. | होण्डा वाटर पम्प | २ | एउटा बिग्रेको |
| ९. | डेस्कटप कम्प्यूटर प्रिन्टर | २ | चालु हालतमा |
| १०. | स्क्यानर | १ | चालु हालतमा |
| ११. | ल्यापटप | ३ | चालु हालतमा |
| १२. | पिकअप गाडी (TATA XENON) | १ | चालु हालतमा |
| १३. | मोटरसाईकल | ३ | चालु हालतमा |


## ९. केन्द्रको मौसमी विवरण (वि.सं.२०७४ साल)

| महिना | औसत तापक्रम (डिग्री सेल्सियस) | | वर्षा (मि.मि.) | |
|---|---|---|---|---|
| | अधिकतम | न्यूनतम | जम्मा | वर्षा भएको दिन |
| बैशाख | २९.९७ | १६.०५ | १०२.० | १४ |
| जेष्ठ | ३२.५१ | २०.२१ | ९०.८ | १८ |
| आषाढ | ३२.७१ | २२.४५ | १२७.७ | २१ |
| श्रावण | ३३.०४ | २३.०९ | ३२९.९ | २७ |
| भाद्र | ३३.३३ | २२.५९ | १४९.७ | १८ |
| आश्विन | ३२.९७ | २१.११ | १०१.८ | १३ |
| कार्तिक | २९.३५ | १३.३० | २१.९ | ३ |
| मंसिर | २६.०८ | ०९.०५ | ० | ० |
| पौष | २१.७६ | ०१.७४ | ० | ० |
| माघ | २३.३३ | ०४.६८ | १०.४ | ३ |
| फाल्गुण | २७.१६ | ०८.७५ | ४८.५ | ३ |
| चैत्र | २९.४५ | १२.०० | ४३.१ | ७ |

*श्रोतः जल तथा मौसम विज्ञान विभाग*

## १०. कर्मचारी विवरण

### १०.१ संगठनात्मक चार्ट



## १०.२ जनशक्ति विवरण

| क्र.सं. | पद | श्रेणी | दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|
| १. | वरिष्ठ बागवानी विकास अधिकृत | अधिकृतस्तर दशौं | १ | १ | - |
| २. | बागवानी विकास अधिकृत | अधिकृतस्तर आठौं | २ | १ | १ |
| ३. | प्राविधिक सहायक | अधिकृतस्तर छैठौं | १ | १ | - |
| ४. | नायब प्राविधिक सहायक | सहायकस्तर पाँचौं | १ | १ | - |
| ५. | लेखापाल | अधिकृतस्तर छैठौं | १ | १ | - |
| ६. | नायब सुब्बा | अधिकृतस्तर छैठौं | १ | १ | - |
| ७. | कार्यालय सहयोगी | श्रेणीविहिन (प्र.) | ८ | - | ८ |
| | | **जम्मा** | **१५** | **६** | **९** |

## १०.३ आ.ब. २०७६/७७ मा कार्यरत् कर्मचारीहरुको विवरण

| क्र.सं. | नाम | पद | सिटरोल नं. | शुरु नियुक्ति मिति | हालको पदमा नियुक्ति मिति |
|---|---|---|---|---|---|
| १. | युवराज पाण्डे | अधिकृतस्तर दशौ (बागवानी) | १३८७३९ | २०५०/०२/२० | २०६७/०३/२९ |
| २. | बिष्णु बोगटी | अधिकृतस्तर आठौं (बागवानी) | १९१४२० | २०६६/०३/२८ | २०६६/०३/२८ |
| ३. | गोपी कुँवर | अधिकृतस्तर छैठौं (बागवानी) | ९४९०७ | २०३९/०५/१९ | २०६४/१०/०१ |
| ४. | श्रीधर पुडासैनी | अधिकृतस्तर छैठौं (प्रशासन) | १७५२९१ | २०५९/०७/१४ | २०७५/११/२१ |
| ५. | खिम वहादुर खड्का | अधिकृतस्तर छैठौं (लेखा) | १७८८८८ | २०६०/०५/२२ | २०७५/११/२१ |
| ७. | भुवन धमला | सहायकस्तर चौथौं (बागवानी) | २०४२५२ | २०७०/९/०३ | २०७०/९/०३ |

## ११. हालसम्मका कार्यालय प्रमुखहरूको नामावली

| क्र.सं. | कार्यालय प्रमुखको नाम, थर | पद | कार्यरत् अवधि | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १. | श्री श्याम गोपाल मदिकर्मी | का.प्र. | २०३१ आषाढ | २०३१ श्रावण |
| २. | श्री जय कृष्ण कर्माचार्य | का.प्र. | २०३१ श्रावण | २०३४ भाद्र |
| ३. | श्री दामोदर कुमार श्रेष्ठ | का.प्र. | २०३४ भाद्र | २०३४ माघ |
| ४. | श्री जय कृष्ण कर्माचार्य | का.प्र. | २०३४ माघ | २०३४ चैत्र |
| ५. | श्री शम्भु नारायण सिंह | का.प्र. | २०३४ चैत्र | २०३५ पौष |
| ६. | श्री महेश राम श्रेष्ठ | का.मु. का.प्र. | २०३५ पौष | २०३५ चैत्र |
| ७. | श्री हरि कृष्ण घिमिरे | का.प्र. | २०३५ चैत्र | २०३६ मंसिर |
| ८. | श्री शम्भु नारायण सिंह | का.प्र. | २०३६ मंसिर | २०३७ श्रावण |
| ९. | श्री भोला अधिकारी | का.मु. का.प्र. | २०३७ श्रावण | २०३८ आषाढ |
| १०. | श्री धर्म महर्जन | स.फ.वि. | २०३८ आषाढ | २०३९ माघ |
| ११. | श्री भोला अधिकारी | का.मु. का.प्र. | २०३९ माघ | २०४१ आषाढ |
| १२. | श्री हिरामणि अधिकारी | स.फ.वि. | २०४१ आषाढ | २०४४ माघ |
| १३. | श्री भोला अधिकारी | का.मु. का.प्र. | २०४४ माघ | २०४८ श्रावण |
| १४. | श्री लोकनाथ देवजु | स.फ.वि. | २०४८ श्रावण | २०४९ आषाढ |
| १५. | श्री भोला अधिकारी | का.मु. का.प्र. | २०४९ आषाढ | २०४९ आषाढ |
| *वि.सं. २०४९ देखि २०५१ सम्म लिजमा संचालनका लागि दिइएको।* | | | | |
| १६. | श्री काशी बहादुर नेपाली | स.फ.वि. | २०५१ श्रावण | २०५३ आषाढ |
| १७. | श्री भोला अधिकारी | का.मु. का.प्र. | २०५३ आषाढ | २०५५ भाद्र |
| १८. | श्री नारायण प्रसाद भण्डारी | स.फ.वि. | २०५५ भाद्र | २०६१ बैशाख |
| १९. | श्री राजेश कुमार के.सी. | म.बा.वि.अ. | २०६१ बैशाख | २०६४ आषाढ |
| २०. | श्री बोम बहादुर थापा | म.बा.वि.अ. | २०६४ आषाढ | २०६५ चैत्र |
| २१. | श्री माधव प्रसाद खनाल | म.बा.वि.अ. | २०६५ चैत्र | २०७० कात्तिक |
| २२. | श्री सुरेन्द्र प्रसाद रिजाल | व.म.बा.वि.अ. | २०७० कात्तिक | २०७४ कात्तिक |
| २३. | श्री युवराज पाण्डे | व.म.बा.वि.अ. | २०७४ कात्तिक | हालसम्म |

# खण्ड-ग: केन्द्रको वार्षिक प्रगति विवरण

## १. वार्षिक प्रगति विवरणको सारांश

- यस केन्द्रमा आ.व.२०७५/७६ मा नियमित कार्यक्रम अन्तर्गत संघीय सशर्त अनुदानको आलु, तरकारी तथा मसला विकास कार्यक्रममा निम्नानुसार बजेट विनियोजन भएको थियोः-

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | बजेट उप-शिर्षक नं: | वार्षिक विनियोजित बजेट (रू. हजार) | | |
|---|---|---|---|---|---|
| | | | पूँजिगत | चालु | कुल जम्मा |
| १. | संघीय सशर्त अनुदान | ७०३३५३९१-३/४ | १४१७५ | २२७५९ | ३६९३४ |

- आ.व.२०७५/७६ को स्वीकृत वार्षिक विनियोजित बजेट अनुसार यस केन्द्रमा आलु, तरकारी तथा मसला विकास कार्यक्रम संचालन भयो। केन्द्रमा वार्षिक अवधिमा संचालन गरिएका उक्त कार्यक्रम/क्रियाकलापहरू अन्तर्गत केन्द्रको प्रगति विवरण यस प्रकार रहेको छः-

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | बजेट उप-शिर्षक नं: | भारित प्रगति प्रतिशत | वित्तिय प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | संघीय सशर्त अनुदान | ७०३३५३९१-३/४ | ८८.४० | ८१.५२ |

- नियमित कार्यक्रम अन्तर्गत वार्षिक अवधिमा भारित प्रगति ८८.४० प्रतिशत र वित्तिय प्रगति ८१.५२ प्रतिशत रह्यो।
- नियमित कार्यक्रम तर्फको प्रगति नपुगका कारणमा दरबन्दी अनुसारका कर्मचारीहरूको पदपूर्ति नभएकोले तलब भत्ता, महंगी भत्ता आदिमा लक्षित प्रगति हासिल हुन नसकेकोले भारित तथा वित्तिय प्रगति कम हुन गएको।
- गैर-कर राजश्व आम्दानी तर्फ वार्षिक अवधिमा रु.२८,४७,३३९.२५ रकम भएको छ।
- वार्षिक अवधिमा हासिल भएका मुख्य मुख्य उपलब्धीहरु अन्तर्गत कृषकस्तरमा मसलाको बीउ २१०० के.जी., मूल बीउ आलु २१ टन., आलुको पूर्व मूलबीउ ३०९३५ वटा, तरकारी मूल बीउ (चौमासे सिमी) २०८ के.जी., गोलभेडाको वर्णशंकर बीउ (सृजना) २ के.जी. धानको बीउ ५२०० के.जी., ४ लाख वटा विभिन्न तरकारी बालीका बेर्ना, २८०० वटा विभिन्न फलफूलका बिरूवा बिक्री वितरण गरियो जसबाट विभिन्न बागवानी बालीहरूको क्षेत्र विस्तारमा टेवा पुग्नुका साथै उत्पादनमा समेत सहयोग पुगेको छ।

- विभिन्न जातका तरकारी बालीहरूको जातिय सम्वर्द्धन र विभिन्न जातका मसला बालीहरूको जर्मप्लाज्म संकलन सम्वर्द्धन गर्ने कार्य भएको छ।
- त्यसैगरी १६ पटक जिल्लास्तरीय अगुवा कृषक तालिम संचालनबाट ४०० जना कृषकहरू प्रत्यक्ष रूपमा लाभान्वित भै निजहरूको प्राविधिक क्षमता अभिवृद्धिमा टेवा पुगेको छ।
- विभिन्न मेशिनरी औजार उपकरण खरिदबाट फार्मलाई यान्त्रिकीकरण तर्फ अग्रसर गराउँदै कृषि कर्म गर्न सजिलो भएको छ।
- कृषकस्तरमा प्राविधिक सेवाटेवा पुऱ्याउने क्रममा मसला, तरकारी, आलुबालीको समस्या पहिचान, सोको निराकरणका उपाय बारे आवश्यक प्राविधिक जानकारी गराइनुका साथै कृषकहरूलाई व्यावसायीकरण तर्फ उन्मुख गराउन पहल गरिएकोछ।

## २. वार्षिक प्रगति विवरण (आ.व.२०७५/७६)

### २.१ कार्यक्रम/आयोजनाको नामः संघीय सशर्त अनुदान
### बजेट उप-शिर्षक नं. ७०३३५३९१-३/४

| क्र.सं. | कार्यक्रम /क्रियाकलाप | खर्च शिर्षक | इकाई | वार्षिक लक्ष्य | | | वार्षिक प्रगति | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | भारित |
| (क) | **चालु खर्च अन्तर्गतका कार्यक्रम** | | | | | | | |
| १ | तलब | २११११ | जना | १५ | १०.९८ | ४०५४ | ७ | ५.१२ |
| २ | पोशाक भत्ता | २११२१ | जना | १५ | ०.३१ | ११३ | ९ | ०.१८ |
| ३ | महँगी भत्ता | २११३२ | जना | १५ | ०.४९ | १८० | ७ | ०.२३ |
| ४ | अन्य भत्ता | २११३९ | जना | २ | ०.१२ | ४५ | २ | ०.१२ |
| ५ | पानी तथा विजुली | २२१११ | महिना | १२ | ०.९१ | ३३६ | १२ | ०.९१ |
| ६ | सँचार महशुल | २२११२ | महिना | १२ | ०.२९ | १०६ | १२ | ०.२९ |
| ७ | इन्धन | २२२११ | लिटर | ३२८० | ०.९७ | ३५८ | ३२८० | ०.९७ |
| ८ | सँचालन तथा मर्मत सम्भार | २२२१३ | संख्या | २६ | १.७२ | ६३५ | २६ | १.७२ |
| ९ | बिमा | २२२१४ | संख्या | ४ | ०.२६ | ९५ | ४ | ०.२६ |
| १० | निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार | २२२३१ | मिटर | ७५ | ०.६८ | २५० | ७५ | ०.६८ |
| ११ | कार्यालय सम्बन्धी खर्च | २२३११ | संख्या | २१३ | ०.८१ | ३०० | २१३ | ०.८१ |
| १२ | अन्य ईन्धन | २२३१४ | संख्या | ५० | ०.१४ | ५० | ५० | ०.१४ |
| १३ | सेवा र परामर्श खर्च | २२४११ | पटक | १ | १.०८ | ४०० | १ | १.०८ |
| १४ | अन्य सेवा शुल्क | २२४१९ | जना | ८ | ५.०७ | १८७२ | ८ | ५.०७ |
| १५ | कर्मचारी तालिम | २२५११ | जना | ६ | ०.२२ | ८० | ० | ०.०० |
| १६ | सिप विकास तथा जनचेतना तालिम गोष्ठी | २२५१२ | पटक | १६ | ३.०१ | १११० | १६ | ३.०१ |
| १७ | **उत्पादन सामाग्री सेवा** | | | | | | | |
| १७.१ | मसलाबालीको बीउ उत्पादन (धनिया ६०, मेथी ४०, लसुन २०००) | २२५२१ | के.जी. | २१०० | ०.९५ | ३५० | २१०० | ०.९५ |
| १७.२ | अदुवा तथा बेसारको पाना (बीउ) उत्पादन वितरण | २२५२१ | मे.टन | ६ | ०.९५ | ३५० | ६ | ०.९५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १७.३ | तरकारी मूल वीउ उत्पादन तथा वितरण (सिमि चौमासे २००,काँक्रो भक्तपुर लोकल ३) | २२५२१ | के.जी | २०३ | ०.५४ | २०० | २०३ | ०.५४ |
| १७.४ | तरकारी वर्णसकर वीउ उत्पादन तथा वितरण (गोलभेडा श्रृजना जात १) | २२५२१ | के.जी | १ | ०.२७ | १०० | १ | ०.२७ |
| १७.५ | तरकारी वेर्ना उत्पादन तथा विक्री वितरण (काउली ४०, वन्दा २०, प्याज २००, गोलभेडा ७५, खुर्सानी ५५, भण्टा ५, फर्सीजात ५ हजार) | २२५२१ | संख्या (हजार) | ४०० | ०.९५ | ३५० | ४००.१५ ८ | ०.९५ |
| १७.६ | बीउ आलु उत्पादन तथा बिक्री वितरण (वेसिक २, ३ र ४ जनकदेव, डेजिरे, खुमल) | २२५२१ | मे.टन | १५ | १.०८ | ४०० | २१.०६३ | १.०८ |
| १७.७ | पि.वि.एस. उत्पादनको लागि निर्मित स्क्रिन हाउसमा बालुवा भर्ने | २२५२१ | पटक | १ | ०.२७ | १०० | १ | ०.२७ |
| १७.८ | केन्द्रको स्क्रीन हाउसभित्र आलुको पि.बि.यस. दाना उत्पादनका लागि टिस्यू कल्चर प्रविधिबाट उत्पादित बिरुवा जार सहित खरिद | २२५२१ | जार संख्या | ५०० | ०.८१ | ३०० | ५०० | ०.८१ |
| १७.९ | केन्द्रमा आलुको पि.बि.यस. दाना उत्पादन तथा स्याहार सम्भार | २२५२१ | दाना संख्या | २५००० | ०.३४ | १२५ | ३०९३५ | ०.३४ |
| १७.१० | फलफूल बिरुवा बिक्री वितरण (आँप ७००, लिचि ८००, अम्बा ३००, कागती ५००, अन्य फलफूल ५००) | २२५२१ | संख्या | २८०० | ०.१६ | ६० | २८०० | ०.१६ |
| १७.११ | फलफूल बिरुवा उत्पादन (आँप ७००, लिचि ८००, अम्बा ३००, कागती ५००, अन्य फलफुल ५००) | २२५२१ | संख्या | २८०० | ०.५४ | २०० | २८०० | ०.५४ |
| १७.१२ | फलफूल रुटस्टक बिरुवा उत्पादन (आँप १००००) | २२५२१ | संख्या | १०००० | ०.४१ | १५० | १०००० | ०.४१ |
| १७.१३ | आलङ्कारिक फूल विरुवा उत्पादन तथा बिक्री वितरण (बहुवर्षे) | २२५२१ | संख्या | १००० | ०.२७ | १०० | १००० | ०.२७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १७.१४ | मसलाबालीको बीउ उत्पादनका लागि बाली-चक्र (धानको मूल बीउ उत्पादन-मकवानपुर-१, खुमल-८) | २२५२१ | मे.टन | ३ | ०.४१ | १५० | ४.७६९ | ०.४१ |
| १७.१५ | बीउ विजन प्याकेजिङ्ग तथा लेब्लिङ्ग गरी बीउ बिक्री गर्ने | २२५२१ | पटक | ३ | ०.४१ | १५० | ३ | ०.४१ |
| १७.१६ | अदुवा र बेसार बालीको स्याहार सम्भार | २२५२१ | हेक्टर | २ | ०.४१ | १५० | २ | ०.४१ |
| १७.१७ | केन्द्र भित्र मसलाबाली क्षेत्र विस्तार तथा स्याहार सम्भार | २२५२१ | हेक्टर | ०.५ | ०.२७ | १०० | ०.५ | ०.२७ |
| १७.१८ | फलफूल बगैंचा स्याहार सम्भार (क) माउवोट ब्लक (आँप-२४४, अम्बा-३६, लिची-२५, मेकाडेमियानट-२ समेतगरी जम्मा ३०७ माउवोट) (ख) उत्पादन ब्लक (आँप-२६८ बोट) | २२५२१ | हेक्टर | ४.५ | १.४९ | ५५० | ४.५ | १.४९ |
| १७.१९ | फार्ममा सघन फलफूल (High Density) नमूना बगैंचा स्थापना (अम्बा) | २२५२१ | हेक्टर | ०.१ | ०.१४ | ५० | ०.१ | ०.१४ |
| १७.२० | फार्ममा फलफूल माउवोट ब्लक स्थापना (अनार) | २२५२१ | हेक्टर | ०.१ | ०.०८ | ३० | ०.१ | ०.०८ |
| १७.२१ | तरकारी बालीको जातिय सम्वर्द्धन (करेला-ह्वाईट लङ्ग, गोलभेडा-सि.एल. सेलेक्सन, सिमी-चौमासे) | २२५२१ | संख्या | ३ | ०.१४ | ५० | ३ | ०.१४ |
| १७.२२ | मसला बालीहरुको जर्मप्लाज्म संकलन तथा सम्वर्द्धन (लसुन-भोटे, नेपाली, अदुवा-कपुरकोट १, बेसार-स्थानिय, सुगन्धा, कपुरकोट १, मेथि-स्थानिय, सौंफ-स्थानिय, धनिया-पि.डि. १, खुर्सानी-अकबरे, छ्यापी-स्थानिय) | २२५२१ | संख्या | ११ | ०.२७ | १०० | ११ | ०.२७ |
| १७.२३ | विभिन्न मसला बालीहरुको जातीय प्रदर्शन | २२५२१ | संख्या | १० | ०.२७ | १०० | १० | ०.२७ |
| १७.२४ | विभिन्न मसला बालीहरूमा अध्ययन संचालन | २२५२१ | पटक | ३ | ०.४१ | १५० | ३ | ०.४१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १७.२५ | फार्म भित्र नमूना फूलवारी स्थापना तथा विभिन्न फूल बिरूवाहरूको प्रदर्शन | २२५२१ | संख्या | १ | ०.५४ | २०० | १ | ०.५४ |
| १७.२६ | केन्द्रमा नमूना कृषि पर्यटन कार्यक्रम प्रदर्शन तथा संचालन | २२५२१ | संख्या | ३ | ०.९५ | ३५० | ३ | ०.९५ |
| १८ | कृषि पर्यटन कार्यक्रम | २२५२२ | पटक | २ | १३.५४ | ५००० | २ | १३.५४ |
| **१९** | **कार्यक्रम खर्च** | | | | | | | |
| १९.१ | केन्द्र भित्र अदुवा तथा बेसारको प्रशोधन प्रविधि विकास विस्तार सम्बन्धी सामाग्री खरिद तथा प्रशोधित वस्तुहरुको नमूना प्रदर्शन | २२५२२ | पटक | १ | ०.२७ | १०० | १ | ०.२७ |
| १९.२ | वार्षिक पुस्तिका प्रकाशन | २२५२२ | पटक | १ | ०.१४ | ५० | १ | ०.१४ |
| १९.३ | मसला वाली सम्वन्धी लिफलेट प्रकाशन | २२५२२ | पटक | १ | ०.१४ | ५० | १ | ०.१४ |
| १९.४ | मसलाबालीमा विषादि न्यूनिकरणका लागि जनचेतनामूलक कार्यक्रम संचालन (मिडिया, पत्रपत्रिका, प्रकाशन सामाग्री, तालिम आदिबाट) | २२५२२ | पटक | ३ | ०.८१ | ३०० | ३ | ०.८१ |
| १९.५ | कृषकस्तरमा मसला वालीको उत्पादन प्रदर्शन, नतिजा प्रदर्शन कार्यक्रम संचालन | २२५२२ | पटक | १४ | ०.९५ | ३५० | १४ | ०.९५ |
| १९.६ | माटो परीक्षण शिविर संचालन | २२५२२ | पटक | २ | ०.६८ | २५० | २ | ०.६८ |
| १९.७ | कृषकस्तर मसलाबाली क्षेत्रमा अन्तरजिल्ला अध्ययन भ्रमण तथा अन्तरक्रिया कार्यक्रम संचालन | २२५२२ | पटक | १ | ०.८१ | ३०० | १ | ०.८१ |
| २० | अनुगमन मूल्याङ्कन खर्च | २२६११ | पटक | ४२ | २.०३ | ७५० | ४२ | २.०३ |
| २१ | भ्रमण खर्च | २२६१२ | पटक | १८ | १.१६ | ४३० | १८ | १.१६ |
| २२ | सरुवा भ्रमण खर्च | २२६१२ | पटक | २ | ०.१४ | ५० | २ | ०.१४ |
| २३ | विविध खर्च | २२७११ | पटक | २४ | ०.६२ | २३० | २४ | ०.६२ |
| २४ | नमूना बस्तीमा नमूना कृषि आयआर्जन कार्यक्रम | २६४१३ | पटक | ० | ०.०० | ० | ० | ०.०० |
| २५ | प्रिसिजन तथा प्रोटेक्टेड हर्टिकल्चर प्रविधि विस्तार कार्यक्रम | २६४१३ | पटक | ० | ०.०० | ०.०० | ० | ०.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| (ख) | **पूँजिगत खर्च अन्तर्गतका कार्यक्रम** | | | | | | | |
| २६ | कार्पेट तथा पर्दा खरिद | ३१११५ | मिटर | १०० | ०.२७ | १०० | १०० | ०.२७ |
| २७ | थोपा सिंचाई तथा स्प्रिंकलर सिंचाई प्रविधि प्रणाली जडान | ३११२२ | संख्या | २ | ०.२७ | १०० | २ | ०.२७ |
| २८ | पँखा, ट्रान्सफर्मर, डि एस एल आर क्यामरा एवं मूलाको थ्रेशर, घाँस काटने मेशिन खरिद, शबमर्सिबल मोटर खरिद, एम वि प्लो तथा कल्टि खरिद, स्पेयर, प्रुनिङ्ग स, ग्राफ्टिङ्ग नाइफ, सिकेचर, चाना काटने मेशीन, डिजिटल ब्यालेन्स, फल टिप्ने भर्याङ्ग, सोलार सिस्टम जडान | ३११२२ | संख्या | ७ | १.८३ | ६७५ | ७ | १.८३ |
| २९ | कम्पाउण्ड वाल निर्माण तथा थ्रेशिङ्ग यार्ड निर्माण पारदर्शी छाना समेत | ३११५१ | मिटर | ३५० | २४.३७ | ९००० | ३५० | २४.३७ |
| ३० | कार्यालय प्रमुख आवासको शेड, अतिथि घरको शेड तथा पाले घर निर्माण | ३११५१ | संख्या | २ | ४.८७ | १८०० | १ | २.४४ |
| ३१ | बीउ उत्पादनका लागि केज निर्माण तथा भर्मी कम्पोष्ट शेड निर्माण | ३११५१ | - | ० | ०.०० | ०.०० | ० | ०.०० |
| ३२ | शौचालय निर्माण सेफ्टि टँकी सहित तथा शेड हाउस निर्माण | ३११५१ | - | ० | ०.०० | ० | ० | ०.०० |
| ३३ | पुराना आवास घर, कार्यालय भवन तथा सिंचाई कुलो मर्मत, शौचालय तथा थ्रेशिङ्ग फ्लोर मर्मत, फार्मको बाटो सुधार | ३११७१ | संख्या | ५ | ६.७७ | २५०० | ३ | ४.०६ |
| | **चालु कार्यक्रमको कुल रकम** | | | | **६१.६२** | **२२७५९** | | **५५.१७** |
| | **पुँजिगत कार्यक्रमको कुल रकम** | | | | **३८.३८** | **१४१७५** | | **३३.२३** |
| | **जम्मा रकम** | | | | **१००** | **३६९३४** | | **८८.४०** |

## ३. वार्षिक बजेट विनियोजन र खर्च (आ.व.२०७५/७६)

| क्र. सं. | कार्यक्रम/ आयोजनाको नाम | वार्षिक विनियोजित बजेट (रू. हजार) | | | वार्षिक खर्च (रू. हजार) | | | वित्तिय प्रगति (प्रतिशत) |
|---|---|---|---|---|---|---|---|---|
| | | पूँजिगत | चालु | जम्मा | पूँजिगत | चालु | जम्मा | |
| १. | संघिय सशर्त अनुदान (आलु, तरकारी तथा मसला विकास कार्यक्रम) | १४१७५ | २२७५९ | ३६९३४ | ९५४७ | २०५६३ | ३०१०९ | ९०.१७ |

## ४. वार्षिक प्रगति स्थिति र प्रगति नपुगका कारणहरु (आ.व.२०७५/७६)

| क्र.सं. | क्रियाकलाप | इकाई | लक्ष्य परिमाण | प्रगति परिमाण | नपुग परिमाण | कारण |
|---|---|---|---|---|---|---|
| १ | तलब | संख्या | १५ | ७ | ८ | केन्द्रमा दरबन्दी अनुसारको जनशक्ति पदपूर्ति (मुख्यतः कार्यालय सहयोगी) नभएको हुँदा विनियोजित बजेट खर्च नभएकोले लक्षित प्रगति हासिल गर्न नसकिएको। |
| २ | पोशाक भत्ता | संख्या | १५ | ७ | ८ | केन्द्रमा दरबन्दी अनुसारको जनशक्ति पदपूर्ति (मुख्यतः कार्यालय सहयोगी) नभएको हुँदा विनियोजित बजेट खर्च नभएकोले लक्षित प्रगति हासिल गर्न नसकिएको। |
| ३ | महंगी भत्ता | संख्या | १५ | ७ | ८ | केन्द्रमा दरबन्दी अनुसारको जनशक्ति पदपूर्ति (मुख्यतः कार्यालय सहयोगी) नभएको हुँदा विनियोजित बजेट खर्च नभएकोले लक्षित प्रगति हासिल गर्न नसकिएको। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | कर्मचारी तालिम | संख्या | ६ | ० | ६ | केन्द्रमा दरबन्दी अनुसारको जनशक्ति पदपूर्ति नभएको र केन्द्रमा थपिएका कार्यक्रमहरू संचालन गर्नुपर्ने भएकोले समय अभावका कारण तालिममा कर्मचारी पठाउन नसिकएको। |
| ५ | कार्यालय प्रमुख आवासको शेड, अतिथि घरको शेड तथा पाले घर निर्माण | संख्या | २ | १ | १ | कार्यक्रम तथा बजेट अख्तियारी ढिलो (मिति२०७५ कार्तिक ४ गते) प्राप्त भएकोले सूचना आह्वान गर्न नसकिएको। |
| ६ | पुराना आवास घर, कार्यालय भवन तथा सिंचाई कुलो मर्मत, शौचालय तथा थ्रेशिङ्ग फ्लोर मर्मत, फार्मको बाटो सुधार | संख्या | ५ | ३ | २ | कार्यक्रम तथा बजेट अख्तियारी ढिलो (मिति२०७५ कार्तिक ४ गते) प्राप्त भएकोले सूचना आह्वान गर्न नसकिएको। |

## ५. कार्यक्रमको अपेक्षित प्रतिफल (Output) विवरण

### ५.१ कार्यक्रम/आयोजनाको नामः संघीय सशर्त अनुदान
### बजेट उप-शिर्षक नं. ७०३३५३९१-३/४

| क्र.सं. | विवरण | इकाई | वार्षिक लक्ष्य | वार्षिक प्रगति |
|---|---|---|---|---|
| १ | मसला बालीको बीउ उत्पादन (धनिया ६०, ४०, लसुन २०००) | के.जी | २१०० | २१०० |
| २ | अदुवा तथा बेसारको पाना (बीउ) उत्पादन वितरण | मे.टन | ६ | ६ |
| ३ | सिमि चौमासे बीउ उत्पादन तथा बिक्री वितरण | के.जी | २०० | २०८ |
| ४ | तरकारी बेर्ना उत्पादन तथा बिक्री वितरण | हजार | ४०० | ४०० |
| ५ | बीउ आलु उत्पादन तथा बिक्री वितरण | मे.टन | १५ | २१ |
| ६ | फलफूल बिरुवा बिक्री वितरण | संख्या | २८०० | २८०० |
| ७ | धानको बीउ उत्पादन तथा बिक्री वितरण | मे.टन | ३ | ५.२ |
| ८ | अदुवा र बेसार मसलाबालीको स्याहार सम्भार | हेक्टर | २ | २ |
| ९ | तरकारी बालीको जातिय सम्वर्द्धन | संख्या | ३ | ३ |
| १० | मसला बालीहरुको जर्मप्लाज्म सम्वर्द्धन | संख्या | ११ | ११ |

| | | | | |
|---|---|---|---|---|
| ११ | तरकारी आलु तथा मसला बाली कृषकहरुलाई जिल्लास्तरिय तालिम | पटक | १६ | १६ |
| १२ | वार्षिक पुस्तिका प्रकाशन गर्ने | पटक | १ | १ |
| १३ | मसला बाली सम्बन्धी लिफलेट प्रकाशन | पटक | १ | १ |
| १४ | आलुको पूर्व मूल बीउ उत्पादन | संख्या | ३०००० | ३०९३५ |
| १५ | माटो शिविर संचालन | पटक | २ | २ |
| १६ | कृषकस्तरमा मसला वालीको उत्पादन प्रदर्शन, नतिजा प्रदर्शन कार्यक्रम संचालन | पटक | १४ | १४ |

## ६. कार्यक्रमका मुख्य-मुख्य उपलब्धीहरु

| क्र.सं. | बजेट उप-शिर्षक नं. | आयोजना/ कार्यक्रमको नाम | वार्षिक प्रगति स्थिति (प्रतिशत) | | यस अवधिमा हासिल भएका मुख्य-मुख्य उपलब्धीहरु |
|---|---|---|---|---|---|
| | | | भारित | वित्तिय | |
| १. | ७०३३५३९१-३/४ | संघीय सशर्त अनुदान | ८८.४० | ८१.५२ | यस अवधिमा कृषकस्तरमा मसलाको बीउ २१०० के.जी., बीउ आलु २१ मे.टन, तरकारी बीउ (सिमी, चौमासे) २०८ के.जी., धानको बीउ ५.२ मे.टन, ४ लाख वटा विभिन्न तरकारी बालीका बेर्ना, २८०० वटा विभिन्न फलफूलका बिरूवा बिक्री वितरण भएको। त्यसैगरी १६ पटक जिल्लास्तरीय अगुवा कृषक तालिम संचालनबाट कृषकहरूको प्राविधिक क्षमता अभिवृद्धिमा टेवा पुगेको। |

## ७. वार्षिक वित्तिय प्रगति विवरण

### ७.१ कार्यक्रम/आयोजनाको नामः संघीय सशर्त अनुदान

#### (क) चालु खर्चको फाँटवारी

बजेट उप-शिर्षक नं. :- ७०३३५३९१-३ (चालु खर्च)

आ.व. :-२०७५/७६

| ख.शी.नं. | बिवरण | वार्षिक वजेट | वार्षिक खर्च | बजेट बाँकी |
|---|---|---|---|---|
| २११११ | पारिश्रमिक तलव | ४०५४०००.०० | ३०६८२१४.१० | ९८५७८५.९० |
| २११२१ | पोषाक | ११३०००.०० | ९००००.०० | २३०००.०० |
| २११३२ | महंगी भत्ता | १८००००.०० | १६४१३२.०० | १५८६८.०० |
| २११३९ | अन्य भत्ता | ४५०००.०० | २६१००.०० | १८९००.०० |
| २२१११ | पानी बिजुली | ३३६०००.०० | ११९०६६.०० | २१६९३४.०० |
| २२११२ | संचार महशुल | १०६०००.०० | ७२२६०.०० | ३३७४०.०० |
| २२२११ | ईन्धन | ३५८०००.०० | ३५८०००.०० | ०.०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ६३५०००.०० | ६२१९८२.२० | १३०१७.८० |
| २२२१४ | बिमा तथा नविकरण | ९५०००.०० | ६२३१८.१० | ३२६८१.९० |
| २२२३१ | नि.सा.स.मर्मत संभार | २५००००.०० | २४९६८३.०० | ३१७.०० |
| २२३११ | का.स.खर्च | ३०००००.०० | ३०००००.०० | ०.०० |
| २२३१४ | ईन्धन अन्य | ५००००.०० | ५००००.०० | ०.०० |
| २२४११ | सेवा र परामर्श खर्च | १८७२०००.०० | १५००७७५.०० | ३७१२२५.०० |
| २२४१९ | अन्य सेवा शुल्क | ४०००००.०० | ३९८८९०.०० | १११०.०० |
| २२५११ | कर्मचारी तालिम | ८००००.०० | ०.०० | ८००००.०० |
| २२५१२ | सिप बिकास जनचेतना | १११००००.०० | १११००००.०० | ०.०० |
| २२५२१ | उत्पादन सामग्री | ४९१५०००.०० | ४९००२६३.८६ | १४७३६.१४ |
| २२५२२ | कार्यक्रम खर्च | ६४०००००.०० | ६०११३७८.६८ | ३८८६२१.३२ |
| २२६११ | अनुगमन मुल्याङ्कन | ७५००००.०० | ७५००००.०० | ०.०० |
| २२६१२ | भ्रमण खर्च | ४८००००.०० | ४७९४५०.०० | ५५०.०० |
| २२७११ | बिबिध | २३००००.०० | २३००००.०० | ०.०० |
| ***जम्मा रु.*** | | २२७५९०००.०० | २०५६२५१२.९४ | २१९६४८७.०६ |

## (ख) पूँजिगतखर्चको फाँटवारी

बजेट उप-शिर्षक नं. :- ७०३३५३९१-४ (पूँजिगत खर्च)

आ.व. :-२०७५/७६

| ख.शी.नं. | बिवरण | वार्षिक वजेट | वार्षिक खर्च | बजेट बाँकी |
|---|---|---|---|---|
| ३१११२ | भवन निर्माण | १०८००००००.० | ६७४०२७२.६५ | ४०५९७२७.३५ |
| २१११५ | फर्निचर तथा फिक्चर्स | १०००००.० | १०००००.०० | ०.०० |
| २११२२ | मेसिनरी औजार | ७७५०००.० | ७७४३६९.४४ | ६३०.५६ |
| २११७१ | पुजिगत सुधार | २५०००००.० | १९३२०३३.६२ | ५६७९६६.३८ |
| ***जम्मा रु.*** | | १४१७५०००.० | ९५४६६७५.७१ | ४६२८३२४.२९ |

## ८. संकलित गैर-कर राजश्व आम्दानीको विवरण (आ.व.२०७५/७६)

कार्यक्रम/आयोजनाको नामः संघीय सशर्त अनुदान

बजेट उप-शिर्षक नं. ७०३३५३९१-३/४

| सि.नं. | आम्दानी बर्गिकरण | राजश्व शिर्षक नं. | जम्मा राजश्व आम्दानी रु | कैफीयत |
|---|---|---|---|---|
| १ | फलफुल विरूवा | १४२११ | ७४२३४।५० | |
| २ | ताजा फल | १४२११ | ५०१३९७।०० | |
| ३ | फूल विरूवा | १४२११ | २६००।०० | |
| ४ | कफि विरूवा | १४२११ | ०।०० | |
| ५ | आलु | १४२११ | ९३१६२७।५० | |
| ६ | अदुवा बेसार | १४२११ | ३२०३५०।०० | |
| ७ | तरकारी वीउ | १४२११ | ७०६५०।०० | |
| ८ | तरकारी बेर्ना | १४२११ | ३२९१५३।२५ | |
| ९ | ताजा तरकारी | १४२११ | ९१५।०० | |
| १० | अन्य | १४२११ | ५७१४१५।०० | धान बीउ, परालसमेत |
| ११ | प्रशासनिक दस्तुर | १४२२७ | ४५०००।०० | |
| | जम्मा | | २८४७३४२।२५ | |

## ९. धरौटीको आर्थिक विवरण (आ.व.२०७५/७६)

### कार्यक्रम/आयोजनाको नामः संघीय सशर्त अनुदान
### बजेट उप-शिर्षक नं. ७०३३५३९१-३/४

| क्र.सं. | विवरण | जम्मा रकम रू. |
|---|---|---|
| १. | **आम्दानी** | |
| १.१ | गत आ.व. सम्मको जिम्मेवारी सारेको | ० |
| १.२ | यस आ.व. को आम्दानी | १६,२८,८६१.०५ |
| | **जम्मा आम्दानी रू.** | १६,२८,८६१.०५ |
| २. | **फिर्ता/खर्च** | |
| २.१ | यस आ.व. मा फिर्ता/खर्च | ४,७०,०००.०० |
| २.२ | यस आ.व. मा सदरस्याहा | ०.०० |
| | **जम्मा फिर्ता/खर्च रू.** | ४,७०,०००.०० |
| ३. | **श्रेस्ता अनुसार बाँकी** | |
| ३.१ | नगद बाँकी | ०.०० |
| ३.२ | बैंक बाँकी | ११,५८,८६१.०५ |
| | **जम्मा बाँकी रू.** | ११,५८,८६१.०५ |
| ४. | बैंक अनुसार बाँकी | ११,५८,८६१.०५ |
| ५. | फरक रकम | ०.०० |
| ६. | धरौटी खाता नं. | ख ३ ध १०४०२०३ |
| ७. | बैंक | राष्ट्रिय वाणिज्य बैंक, धुलिखेल शाखा, काभ्रे |

**नोटः संघीय सरकार अन्तरगत रहेको मसला बाली विकास केन्द्रको नाममा रहेको गत विगतको धरौटी रकम रु ९७४६५१.८२ प्रदेश सरकार अन्तरगत कायम भएको यस कार्यालयमा यस आ.व.मा आम्दानी बाधिएको।**

## १०. बेरुजू फछर्यौट प्रगति विवरण (आ.व.२०७५/७६)

### कार्यक्रम/आयोजनाको नामः संघीय सशर्त अनुदान
### बजेट उप-शिर्षक नं. ७०३३५३९१-३/४

| क्र.सं. | गत आ.व. (२०७३/७४) सम्मको बेरुजू रकम (रू.) | वार्षिक प्रगति | | | बेरूजू फछर्यौट प्रतिशत |
|---|---|---|---|---|---|
| | | बेरूजू फछर्यौट रकम (रू.) | फछर्यौट हुन बाँकी बेरूजू रकम (रू.) | कार्यवाहीको लागि पेश भएको बेरूजू रकम (रू.) | |
| १. | ०.०० | ०.०० | ०.०० | ०.०० | १०० |

## ११. कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्या, गरिएका प्रयास र सुझाव

| क्र.सं. | कार्यान्वयनमा देखिएका मुख्य मुख्य समस्याहरू | समस्या समाधान गर्न गरिएका प्रयासहरु | समस्या समाधानार्थ सुझावहरू |
|---|---|---|---|
| १. | **भौतिक संरचनाहरूमा क्षतिः** भू-कम्पका कारण केन्द्रका स्टोर, कार्यालय भवन, आवास भवनहरू क्षतिग्रस्त भएकोले कार्यक्रम संचालनमा बाधा पुग्नुका साथै दैनिक प्रशासन एवं स्टोरको लागि समस्या भएको। | भवन डिभिजन कार्यालय, धुलिखेलमा बजेट विनियोजनका लागि प्रयास गरिएको। | केन्द्रका क्षतिग्रस्त भएका भौतिक संरचनाहरूको पुन:निर्माणका लागि माथिल्लो निकायबाट आवश्यक पहल हुनुपर्ने देखिन्छ। |
| २. | **मसला बीउ बिक्रीमा समस्याः** केन्द्रमा उत्पादित अदुवा तथा बेसारको बीउ बिक्री गर्न समस्या हुनेगरेको। | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका जोन सुपर जोन कार्यालयमा सम्पर्क गरेको। | सम्बन्धित निकायले कार्यक्रम अनुसारको उत्पादन बिक्री वितरणको व्यवस्थाका लागि समन्वयकारी भूमिका निर्वाह गरिदिनुपर्ने। |
| ३. | **प्रोत्साहन भत्ता नभएकोः** फार्म/केन्द्रमा कार्यालय समयभन्दा अघिपछि र विदाको समयमा समेत काम गर्नुपर्ने, ज्यामी लगाउनु पर्ने, बालीनाली स्याहार सम्भार गर्नुपर्ने भएतापनि कर्मचारीहरुलाई प्रोत्साहन भत्ताको व्यवस्था हुन नसकेको। | कर्मचारीहरुलाई प्रोत्साहन भत्ताको व्यवस्थाका लागि माथिल्लो निकायमा कुराकानी तथा छलफल गर्ने गरेको। | कर्मचारीहरुलाई प्रोत्साहन भत्ताको व्यवस्था हुनसकेको खण्डमा कर्मचारीको मनोवल उच्च हुने तथा कामको गुणस्तरमा समेत वृद्धि हुनेछ। |
| ४. | **रिक्त दरबन्दीः** केन्द्रमा दरबन्दी अनुसारको कर्मचारी नहुँदा केन्द्रका विभिन्न क्रियाकलापहरू संचालनमा समस्या परेको। | सम्बन्धित माथिल्लो निकायमा सम्पर्क गरेको। | दरबन्दी अनुसारको कर्मचारीहरूको पदपूर्ति भएको खण्डमा लक्षित कार्यक्रमहरू संचालन गर्न सहज हुने देखिन्छ। |
| ५. | **अपर्याप्त बजेटः** यस केन्द्रमा लगाईने ज्यामीहरुलाई सरकारले तोके बमोजिमको दरमा पारिश्रमिक दिन नसकेको अवस्था रहेको। | दैनिक ज्यामीहरुलाई हाल दैनिक जम्मा रू.४५० मात्र दिई काम लगाउने गरेको। | हालको महँगी र मूल्यवृद्धिको कारण उनीहरुको ज्याला कम्तिमा पनि रू.६०० हुने गरी बजेटको व्यवस्था भएमा कामकाज गराउनका लागि सहजता हुनेछ। |

# खण्ड-घः आ.व.२०७६/७७ को वार्षिक कार्यक्रम

## १. मसला बाली विकास केन्द्रको वार्षिक स्वीकृत कार्यक्रम

**बजेट उप-शीर्षक नं.:** ७०३३५३९१-३/४

**मन्त्रालयः** भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ३ (७०३३५३२०१)

**कार्यक्रम/आयोजनाको नामः** मसला बाली विकास केन्द्र

| क्र. सं. | कार्यक्रम /क्रियाकलाप | खर्च शीर्षक | इकाई | वार्षिक लक्ष्य | | | प्रथम चौमासिक | | | दोस्रो चौमासिक | | | तेस्रो चौमासिक | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | लागत | परिमाण | भार | लागत | परिमाण | भार | लागत | परिमाण | भार | लागत |
| ११.१.२.८ | भू-कम्पले क्षति भएको पूरानो कार्यालय भवन भत्काइ साइट क्लियर गर्ने (भवन निर्माण ) | ३१११२ | | १ | १.५९ | ५ | | ० | ० | १ | १.५९ | ५ | ० | ० | ० |
| ११.३.७.५ | gps device, ph meter, moisture meter,refractrometer (कार्यालय संचालनसंग सम्बन्धी यन्त्र,उपकरण तथा मेशीन औजार) | ३११२२ | वटा | ३ | ०.४८ | १.५ | ३ | ०.४८ | १.५ | ० | ० | ० | ० | ० | ० |
| ११.३.७.९ | एयर कंडीसन(कार्यालय संचालनसंग सम्बन्धी यन्त्र,उपकरण तथा मेशीन | ३११२२ | संख्या | १ | ०.३२ | १ | १ | ०.३२ | १ | ० | ० | ० | ० | ० | ० |
| ११.३.७.१६ | मल्टिमिडिया खरिद तथा व्यवस्थापन(कार्यालय संचालनसंग सम्बन्धी यन्त्र,उपकरण तथा मेशीन औजार) | ३११२२ | संख्या | १ | ०.३२ | १ | १ | ०.३२ | १ | ० | ० | ० | ० | ० | ० |
| ११.३.७.४८ | सि.सि.टिभी क्यामरा जडान(कार्यालय संचालनसंग सम्बन्धी यन्त्र,उपकरण तथा | ३११२२ | संख्या | ६ | ०.४८ | १.५ | ६ | ०.४८ | १.५ | ० | ० | ० | ० | ० | ० |
| ११.३.७.४९ | उन्नत सिंचाइ प्रविधि जडान(कार्यालय संचालनसंग सम्बन्धी यन्त्र,उपकरण | ३११२२ | संख्या | ३ | १.४३ | ४.५ | ० | ०.३२ | ० | ३ | १.४३ | ४.५ | ० | ० | ० |
| ११.३.१०.२ | भ्याकुम क्लिनर खरिद(कृषि - खेतीको साथै सिंचाई प्रयोजन र पशु चिकित्सा सम्बन्धी उपकरण तथा मेशीन औजार) | ३११२२ | संख्या | ३ | ०.१६ | ०.५ | १ | ०.१६ | ०.५ | ० | ० | ० | ० | ० | ० |
| ११.४.१६.१ | केन्द्रमा खानेपानी व्यवस्थापन(खानेपानी तथा सरसफाई संरचना | ३११५६ | पटक | १ | ०.६३ | २ | १ | ०.६३ | २ | ० | ० | ० | ० | ० | ० |
| ११.५.१.१ | केन्द्रको पोखरी मर्मत तथा सुधार(कालोपत्रे सडक सुधार) | ३११७१ | संख्या | १ | ३.१७ | १० | ० | ०.६३ | २ | १ | १.२७ | ४ | ० | १.२७ | ४ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११.५.१.२ | केन्द्रको बाटो सुधार(कालोपत्रे सडक सुधार) | ३११७१ | पटक | १ | ०.६३ | २ | ० | ० | ० | १ | ०.६३ | २ | ० | ० | ० |
| ११.५.१.३ | थ्रेसिङ्ग फ्लोर मर्मत सुधार(कालोपत्रे सडक सुधार) | ३११७१ | संख्या | १ | ०.६३ | २ | १ | ०.६३ | २ | ० | ० | ० | ० | ० | ० |
| ११.५.१.४ | पुरानो आवास घरको मर्मत सम्भार(कालोपत्रे सडक सुधार) | ३११७१ | पटक | १ | ०.३२ | १ | १ | ०.३२ | १ | ० | ० | ० | ० | ० | ० |
| ११.६.१३.८ | कार्पेट, पर्दा खरिद(कार्यालयको लागि फर्निचर फिक्चर्स) | ३११२३ | मी. | १०० | ०.३२ | १ | ० | ० | ० | १०० | ०.३२ | १ | ० | ० | ० |
| ११.६.१३.९ | फर्निचर खरिद(कार्यालयको लागि फर्निचर फिक्चर्स) | ३११२३ | संख्या | १० | ०.३२ | १ | १० | ०.३२ | १ | | ० | ० | | ० | |
| | क) पूँजीगत खर्च कार्यक्रमको जम्माः | | | | १०.८० | ३४ | | ४.६१ | १३.५ | | ५.२४ | १६.५ | | १.२७ | ४.० |
| | आ) चालु खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | | | | | | |
| १.१.१.३ | अधिकृतस्तर दशौं(स्थायी कर्मचारी) | २११११ | जना | १ | २.३८ | ७.५१ | १ | ०.९२ | २.८९ | १ | ०.७३ | २.३१ | १ | ०.७३ | २.३१ |
| १.१.१.५ | अधिकृतस्तर आठौं(स्थायी कर्मचारी) | २११११ | जना | २ | ४.०३ | १२.७२ | २ | १.५५ | ४.८९ | २ | १.२४ | ३.९१ | २ | १.२४ | ३.९२ |
| १.१.१.७ | अधिकृतस्तर छैटौं(स्थायी कर्मचारी) | २११११ | जना | ३ | ५.७ | १७.९८ | ३ | २.१९ | ६.९२ | ३ | १.७५ | ५.५३ | ३ | १.७५ | ५.५३ |
| १.१.१.८ | सहायकस्तर पाँचौं(स्थायी कर्मचारी) | २११११ | जना | १ | १.३४ | ४.२३ | १ | ०.५२ | १.६३ | १ | ०.४१ | १.३ | १ | ०.४१ | १.३ |
| १.१.१.३० | का. स. पाँचौं स्तर(स्थायी कर्मचारी) | २११११ | जना | ८ | १८.२२ | ५७.४८ | ८ | ७.०१ | २२.११ | ८ | ५.६१ | १७.६९ | ८ | ५.६१ | १७.६८ |
| १.२.२.१ | स्थायी कर्मचारीको महंगी भत्ता(महंगी भत्त) | २११३२ | जना | १५ | १.१४ | ३.६ | १५ | ०.३८ | १.२ | १५ | ०.३८ | १.२ | १५ | ०.३८ | १.२ |
| १.२.९.२ | विभिन्न बैठक भत्ता(अतिरिक्त समय भत्ता) | २११३९ | पटक | ४ | ०.१९ | ०.६ | २ | ०.१ | ०.३ | २ | ०.१ | ०.३ | ० | ० | ० |
| १.२.१०.१ | पाले पहरा भत्ता(पाले पहरा भत्ता) | २११३९ | जना | २ | ०.१६ | ०.५१ | २ | ०.०५ | ०.१७ | २ | ०.०५ | ०.१७ | २ | ०.०५ | ०.१७ |
| १.३.१.१ | निजामती कर्मचारीहरुको पोशाक खर्च(कर्मचारी पोशाक) | २११२१ | जना | १५ | ०.४८ | १.५ | ० | ० | ० | ० | ० | ० | १५ | ०.४८ | १.५ |
| १.६.४.१ | स्थायी कर्मचारीको योगदानमा आधारित बीमा कोष(कर्मचारी | २१२१३ | संख्या | १५ | ०.२३ | ०.७२ | ४ | ०.०८ | ०.२४ | ४ | ०.०८ | ०.२४ | ४ | ०.०८ | ०.२४ |
| २.१.१.१ | धाराको महसुल(धाराको महसुल) | २२१११ | पटक | १२ | ०.०४ | ०.१४ | ४ | ०.०१ | ०.०४ | ४ | ०.०२ | ०.०५ | ४ | ०.०२ | ०.०५ |
| २.१.२.१ | बिद्युत महशुल(बिजुली महसुल) | २२१११ | पटक | १२ | ०.६८ | २.१६ | ४ | ०.२३ | ०.७२ | ४ | ०.२३ | ०.७२ | ४ | ०.२३ | ०.७२ |
| २.१.३.१ | जारको पिउने पानी(पिउने पानी) | २२१११ | जार | ३० | ०.११ | ०.३६ | १२० | ०.०४ | ०.१२ | १२० | ०.०४ | ०.१२ | १२० | ०.०४ | ०.१२ |
| २.१.६.१ | टेलिफोन महसुल(टेलिफोन महसुल) | २२११२ | पटक | ३ | ०.१७ | ०.५४ | ४ | ०.०६ | ०.१८ | ४ | ०.०६ | ०.१८ | ४ | ०.०६ | ०.१८ |
| २.१.७.१ | ईमेल/ इन्टरनेट/वेवसाइट महसुल(ईमेल/ इन्टरनेट/वेवसाइट) | २२११२ | पटक | ३ | ०.१७ | ०.५४ | ४ | ०.०६ | ०.१८ | ४ | ०.०६ | ०.१८ | ४ | ०.०६ | ०.१८ |
| २.१.९.१ | हुलाक/कुरियर खर्च(हुलाक/कुरियर खर्च) | २२११२ | जना | १ | ०.०६ | ०.१८ | ४ | ०.०२ | ०.०६ | ४ | ०.०२ | ०.०६ | ४ | ०.०२ | ०.०६ |
| २.२.२.२ | पेट्रोल- दुई पाङ्ग्रे(इन्धन कार्यालय प्रयोजन) | २२२१२ | लीटर | १०८० | ०.३४ | १.०८ | ४ | ०.११ | ०.३६ | ४ | ०.११ | ०.३६ | ४ | ०.११ | ०.३६ |
| २.२.२.४ | मोबिल(इन्धन कार्यालय प्रयोजन) | २२२१२ | लीटर | ४८ | ०.११ | ०.३६ | २ | ०.०४ | ०.१२ | २ | ०.०४ | ०.१२ | २ | ०.०४ | ०.१२ |
| २.२.२.८ | कार्यालयको गाडीको लागी डिजेल(इन्धन कार्यालय प्रयोजन) | २२२१२ | लीटर | २००४ | ०.६३ | २ | १ | ०.१९ | ०.६ | १ | ०.१९ | ०.६ | १ | ०.२५ | ०.८ |
| २.२.३.१ | मट्टितेल(इन्धन- अन्य प्रयोजन) | २२३१४ | लीटर | १०० | ०.०३ | ०.१ | २० | ०.०१ | ०.०२ | ४० | ०.०१ | ०.०४ | ४० | ०.०१ | ०.०४ |
| २.२.३.२ | ग्याँस(इन्धन- अन्य प्रयोजन) | २२३१४ | संख्या | १५ | ०.०८ | ०.२४ | ५ | ०.०३ | ०.०८ | ५ | ०.०३ | ०.०८ | ५ | ०.०३ | ०.०८ |
| २.२.३.५ | व्याट्री(इन्धन- अन्य प्रयोजन) | २२३१४ | संख्या | १ | ०.१ | ०.३ | ० | ० | ० | ० | ० | ० | १ | ०.१ | ०.३ |
| २.३.१.२ | हलुका सवारी साधन मर्मत खर्च(सवारी साधन मर्मत) | २२२१३ | वटा | १ | ०.९५ | ३ | ० | ०.३२ | १ | ० | ०.३२ | १ | १ | ०.३२ | १ |
| २.३.१.३ | दुई पाङ्ग्रे सवारी साधन मर्मत खर्च(सवारी साधन मर्मत) | २२२१३ | वटा | ३ | ०.१९ | ०.६ | १ | ०.०६ | ०.२ | १ | ०.०६ | ०.२ | १ | ०.०६ | ०.२ |
| २.३.१.४ | मिनिटिलर तथा अन्य जोत्न प्रयोग हुने साधनको मर्मत खर्च(सवारी साधन | २२२१३ | वटा | ३ | ०.१ | ०.३ | १ | ०.०३ | ०.१ | १ | ०.०३ | ०.१ | १ | ०.०३ | ०.१ |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.३.१.९ | मेशिनरी उपकरण मर्मत ज्याला(सवारी साधन मर्मत) | २२२१३ | पटक | १२ | ०.१९ | ०.६ | ४ | ०.०६ | ०.२ | ४ | ०.०६ | ०.२ | ४ | ०.०६ | ०.२ |
| २.३.२.१ | कम्प्यूटर/ल्यापटप मर्मत खर्च(मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च) | २२२२१ | वटा | ६ | ०.१९ | ०.६ | २ | ०.०६ | ०.२ | २ | ०.०६ | ०.२ | २ | ०.०६ | ०.२ |
| २.३.२.२ | फोटोकपी/स्क्यानर मर्मत खर्च(मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च) | २२२२१ | वटा | ३ | ०.०५ | ०.१५ | १ | ०.०२ | ०.०५ | १ | ०.०२ | ०.०५ | १ | ०.०२ | ०.०५ |
| २.३.३.१ | स्क्रिन हाउस मर्मत(सडक / पुल) | २२२३१ | संख्या | १ | १.४३ | ४.५ | ० | ० | ० | १ | १.४३ | ४.५ | ० | ० | ० |
| २.३.३.१३ | केन्द्रको बारेबन्देजको मर्मत सुधार(सडक / पुल) | २२२३१ | मी. | २०० | ५.०७ | १६ | ० | ०.६३ | २ | ० | ३.८ | १२ | २०० | ०.६३ | २ |
| २.३.६.१ | सिंचाइ कुलो मर्मत स्याहार सम्भार(सिंचाइ संरचना) | २२२३१ | मी. | १५० | १.५५ | ४.८८ | ० | ० | ० | ० | ० | ० | १५० | १.५५ | ४.८८ |
| २.४.१.१ | कार्यालयमा दैनिक प्रयोगमा आउने मसलन्द सामाग्री तथा सेवा(कार्यालय | २२३११ | महिना | १२ | १.१४ | ३.६ | ४ | ०.३८ | १.२ | ४ | ०.३८ | १.२ | ४ | ०.३८ | १.२ |
| २.४.१३.१ | पत्रपत्रिका तथा पुस्तिका(कार्यालय सामान तथा सेवा)(पत्रपत्रिका तथा पुस्तिका) | २२३१५ | पटक | १२ | ०.१९ | ०.६ | ४ | ०.०६ | ०.२ | ४ | ०.०६ | ०.२ | ४ | ०.०६ | ०.२ |
| २.५.४.१ | वेभसाइट निर्माण तथा नविकरण(नवीकरण खर्च) | २२४१२ | पटक | १ | ०.३२ | १ | १ | ०.३२ | १ | ० | ० | ० | ० | ० | ० |
| २.५.७.१ | कार्यालय सहयोगी करारमा लिने(व्यक्ति करार) | २२४१३ | संख्या | ८ | ६.४८ | २०.४५ | ८ | २.४९ | ७.८६ | ८ | २ | ६.३ | ८ | १.९९ | ६.२९ |
| २.५.१०.५ | करारका कर्मचारीहरूको पोशाक भत्त(अन्य सेवा) | २२४१९ | पटक | ८ | ०.२५ | ०.८ | ० | ० | ० | ० | ० | ० | ८ | ०.२५ | ०.८ |
| २.६.४.४८ | मसला बाली कृषकहरूलाइ जिल्लास्तरीय तालिम(उद्यमशीलता ,रोजगारी | २२५१२ | पटक | १० | ४.७६ | १५ | २ | ०.९५ | ३ | ४ | १.९ | ६ | ४ | १.९ | ६ |
| २.६.६.९ | स्थानीय तह, कृषि ज्ञान केन्द्र, सरोकारवाला तथा कृषकहरू बीच अन्तरक्रिया(गोष्ठि तथा कार्यशाला) | २२५१२ | पटक | ३ | ०.४८ | १.५ | १ | ०.१६ | ०.५ | १ | ०.१६ | ०.५ | १ | ०.१६ | ०.५ |
| २.७.१.२ | मसलाबालीको बीउ उत्पादन (अदुवा ३ मे.टन, बेसार ४ मे.टन, लसुन १ मे.टन)(तयारी सामान खरिद खर्च) | २२५२१ | मे.टन | ८ | २.५४ | ८ | ० | ०.६३ | २ | ० | १.११ | ३.५ | ८ | ०.७९ | २.५ |
| २.७.१.४ | तरकारी मूल वीउ उत्पादन तथा वितरण (सिमि चौमासे ५०० के.जी.,काँक्रो भक्तपुर लोकल ५ के.जी.)(तयारी सामान खरिद खर्च) | २२५२१ | के.जी. | ५०५ | ०.९६ | ३.०३ | २५० | ०.३२ | १ | ० | ०.१७ | ०.५३ | २५५ | ०.४८ | १.५ |
| २.७.१.५ | तरकारी वर्णसकर वीउ उत्पादन तथा वितरण (गोलभेडा श्रृजना जात २)(तयारी सामान खरिद खर्च) | २२५२१ | के.जी. | २ | ०.६३ | २ | ० | ०.१६ | ०.५ | ० | ०.१६ | ०.५ | २ | ०.३२ | १ |
| २.७.१.६ | तरकारी वेर्ना उत्पादन तथा विक्री वितरण (काउली ७५, वन्दा २५, प्याज २००, गोलभेडा ७०, खुर्सानी ७०, भण्टा ५, फर्सीजात ५ हजार)(तयारी सामान खरिद खर्च) | २२५२१ | हजार वटा | ४५० | १.४३ | ४.५ | १०० | ०.४८ | १.५ | २०० | ०.४८ | १.५ | १५० | ०.४८ | १.५ |
| २.७.१.७ | बीउ आलु उत्पादन तथा बिक्री वितरण (बेसिक २, ३, ४ जनकदेव, डेजिरे, खुमल)(तयारी सामान खरिद खर्च) | २२५२१ | मे.टन | १५ | १.६६ | ५.२५ | ० | ० | ० | ० | ०.७९ | २.५ | १५ | ०.८७ | २.७५ |
| २.७.१.८ | आलुको पिबियसदाना उत्पादनका लागि टिस्यू कल्चर प्रविधिबाट उत्पादित बिरुवा जार सहित खरिद(तयारी सामान खरिद खर्च) | २२५२१ | संख्या | ५०० | ०.९५ | ३ | ० | ० | ० | ५०० | ०.९५ | ३ | ० | ० | ० |
| २.७.१.९ | आलुको पिबियस दाना उत्पादन तथा बिक्री वितरण(तयारी सामान खरिद खर्च) | २२५२१ | संख्या | ३०००० | ०.९५ | ३ | ० | ० | ० | ० | ०.४८ | १.५ | ३०००० | ०.४८ | १.५ |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.७.१.१० | फलफूल बिरुवा बिक्री वितरण (आँप ५००, लिची ५००, अम्बा ५००, कागती १०००, अन्य फलफूल ५००)(तयारी सामान खरिद खर्च) | २२५२१ | संख्या | ३००० | ०.२९ | ०.९ | ० | ०.१ | ०.३ | ० | ०.१ | ०.३ | ३००० | ०.१ | ०.३ |
| २.७.१.११ | फलफूल बिरुवा उत्पादन (आँप ५००, लिची ५००, अम्बा५००, कागती २०००, अन्य फलफूल ५००)(तयारी सामान खरिद खर्च) | २२५२१ | संख्या | ४००० | १.५९ | ५ | ० | ०.४८ | १.५ | ० | ०.४८ | १.५ | ४००० | ०.६३ | २ |
| २.७.१.१२ | फलफूल रुटस्टक बिरुवा उत्पादन (आँप १००००)(तयारी सामान खरिद खर्च) | २२५२१ | संख्या | १०००० | ०.४८ | १.५ | ० | ०.१६ | ०.५ | ० | ०.१६ | ०.५ | १०००<br>० | ०.१६ | ०.५ |
| २.७.१.१४ | मसलाबालीको बीउ उत्पादनका लागि बाली-चक्र (धानको मूल बीउ उत्पादन-मकवानपुर-१, खुमल-८)(तयारी सामान खरिद खर्च) | २२५२१ | मे.टन | ४ | ०.७६ | २.४ | ० | ०.२४ | ०.७५ | ४ | ०.४ | १.२५ | ० | ०.१३ | ०.४ |
| २.७.१.१५ | बीउ बिक्री गर्नका लागि बीउविजन प्याकेजिङ्ग तथा लेब्लिङ्ग गर्ने(तयारी सामान खरिद खर्च) | २२५२१ | पटक | ३ | ०.४८ | १.५ | ० | ० | ० | ३ | ०.४८ | १.५ | ० | ० | ० |
| २.७.१.१६ | अदुवा, बेसार मसलाबालीको स्याहार सम्भार(तयारी सामान खरिद खर्च) | २२५२१ | हेक्टर | २ | ०.६३ | २ | ० | ०.१९ | ०.६ | ० | ०.१९ | ०.६ | २ | ०.२५ | ०.८ |
| २.७.१.१७ | फलफूल बगैचा स्याहार सम्भार (माउवोट ब्लक, उत्पादन ब्लक)(तयारी सामान खरिद खर्च) | २२५२१ | हेक्टर | ४.५ | १.९३ | ६.०८ | ० | ०.४८ | १.५ | ० | ०.६३ | २ | ४.५ | ०.८२ | २.५८ |
| २.७.१.१८ | तरकारी बालीको जर्मप्लाज्म संकलन सम्वर्द्धन(तयारी सामान खरिद खर्च) | २२५२१ | संख्या | ३ | ०.२४ | ०.७५ | १ | ०.०६ | ०.२ | १ | ०.०८ | ०.२५ | १ | ०.१ | ०.३ |
| २.७.१.१९ | मसलाबालीहरुको जातिय जर्मप्लाज्म संकलन सम्वर्द्धन(तयारी सामान खरिद खर्च) | २२५२१ | संख्या | ७ | ०.४ | १.२६ | ३ | ०.१३ | ०.४ | ४ | ०.१८ | ०.५६ | ३ | ०.१ | ०.३ |
| २.७.१.२० | विभिन्न मसलाबालीहरुको जातिय अध्ययन परीक्षण प्रदर्शन(तयारी सामान खरिद खर्च) | २२५२१ | संख्या | १० | ०.३२ | १ | ३ | ०.१ | ०.३ | ४ | ०.१३ | ०.४ | ३ | ०.१ | ०.३ |
| २.७.५.६२ | फार्मभित्र नमूना फूलवारी स्थापना तथा विभिन्न फूल बिरुवाहरुको प्रदर्शन(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | २२५२२ | संख्या | १ | १.५९ | ५ | १ | ०.३२ | १ | १ | ०.६३ | २ | १ | ०.६३ | २ |
| २.७.५.६३ | केन्द्रमा नमूना कृषि पर्यटन कार्यक्रम प्रदर्शन तथा संचालन(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | २२५२२ | संख्या | १ | १.५९ | ५ | ० | ०.३२ | १ | ० | ०.६३ | २ | १ | ०.६३ | २ |
| २.७.५.६४ | फार्मभित्र नमूना कृषि प्रविधि प्रदर्शन तथा संचालन(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | २२५२२ | पटक | १ | १.५९ | ५ | ० | ०.३२ | १ | ० | ०.६३ | २ | १ | ०.६३ | २ |
| २.७.५.६५ | केन्द्रको वार्षिक प्रगति पुस्तिका प्रकाशन(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | २२५२२ | पटक | १ | ०.१६ | ०.५ | १ | ०.१६ | ०.५ | ० | ० | ० | ० | ० | ० |
| २.७.५.६६ | प्राविधिक पुस्तिका प्रकाशन(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | २२५२२ | पटक | १ | ०.४८ | १.५ | ० | ० | ० | ० | ० | ० | १ | ०.४८ | १.५ |
| २.७.५.६७ | मसलाबाली सम्बन्धी लिफलेट, पम्फलेट, ब्रोशर प्रकाशन(प्रचार प्रसार तथा सामाग्री उत्पादन | २२५२२ | पटक | १ | ०.१६ | ०.५ | ० | ० | ० | ० | ० | ० | १ | ०.१६ | ०.५ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.७.५.६८ | मसलाबालीमा विषादि न्यूनिकरणका लागि जनचेतनामूलक कार्यक्रम संचालन (मिडिया, पत्रपत्रिका, प्रकाशन सामाग्री आदिबाट)(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | २२५२२ | पटक | ३ | ०.९५ | ३ | १ | ०.३२ | १ | १ | ०.३२ | १ | १ | ०.३२ | १ |
| २.७.५.६९ | कृषकस्तरमा मसलाबालीको उत्पादन प्रदर्शन, नतिजा प्रदर्शन कार्यक्रम संचालन(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | २२५२२ | पटक | १३ | १.४४ | ४.५५ | २ | ०.२२ | ०.७ | ४ | ०.४४ | १.४ | ७ | ०.७८ | २.४५ |
| २.७.५.७० | माटो परीक्षण शिविर संचालन(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | २२५२२ | पटक | १ | ०.६३ | २ | ० | ० | ० | १ | ०.६३ | २ | ० | ० | ० |
| २.७.५.७१ | अन्तरजिल्ला कृषक भ्रमण(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन | २२५२२ | पटक | १ | १.२७ | ४ | ० | ० | ० | ० | ० | ० | १ | १.२७ | ४ |
| २.८.१.१ | कार्यक्रम अनुगमन निरिक्षण(अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन | २२६११ | पटक | २५ | १.१९ | ३.७५ | १ | ०.४ | १.२५ | १ | ०.४ | १.२५ | १ | ०.४ | १.२५ |
| २.८.१.५ | कार्यालयको काममा विभिन्न स्थानमा भ्रमण(अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च | २२६११ | पटक | १३ | ०.४ | १.२५ | १ | ०.१३ | ०.४२ | १ | ०.१३ | ०.४२ | १ | ०.१३ | ०.४१ |
| २.८.२.२ | सरुवा भएर आउदाको खर्च(आन्तरिक भ्रमण) | २२६१२ | पटक | ३ | ०.२४ | ०.७५ | ३ | ०.२४ | ०.७५ | ० | ० | ० | ० | ० | ० |
| २.८.२.४ | मसलाबाली सम्बन्धी कर्मचारीहरू सम्मिलित ट्राम्लिङ्ग सेमिनार(आन्तरिक | २२६१२ | पटक | १ | ०.६३ | २ | १ | ०.२१ | ०.६५ | १ | ०.२१ | ०.६५ | १ | ०.२२ | ०.७ |
| २.९.२.१ | कार्यालयको सवारी साधन वीमा गर्ने(वीमा सवारी साधन) | २२२१४ | वटा | ४ | ०.१९ | ०.६ | ४ | ०.१९ | ०.६ | ० | ० | ० | ० | ० | ० |
| २.९.८.१ | स्वागत तथा अतिथि सत्कार खर्च(स्वागत तथा अतिथि सत्कार ) | २२७११ | पटक | १२ | ०.३८ | १.२ | ४ | ०.१३ | ०.४ | ४ | ०.१३ | ०.४ | ४ | ०.१३ | ०.४ |
| २.९.८.२ | अन्य विविध खर्च(स्वागत तथा अतिथि सत्कार ) | २२७११ | पटक | १२ | ०.३८ | १.२ | ४ | ०.१३ | ०.४ | ४ | ०.१३ | ०.४ | ४ | ०.१३ | ०.४ |
| | ख) चालु खर्च कार्यक्रमको जम्माः | | | | ८९.२४ | २८१.४ | | २५.७६ | ८१.०६ | | ३२.६९ | १०३.०२ | | ३०.८९ | ९७.३२ |
| | कुल जम्मा खर्च | | | | १०० | ३१५.४ | | ३०.०५ | ९४.५६ | | ३७.९३ | ११९.५२ | | ३२.०२ | १०१.३२ |

## मसला बालीका बारेमा केहि तथ्य

- ☞ **अदुवामा** हुने विशेष किसिमको बास्ना यसमा पाइने एक प्रकारको वाष्पशील तेल (Volatile oils) बाट आउने हो जसलाई जिनजेरल (Gingerol) भनिन्छ।
- ☞ **बेसारमा** पाइने कुर्क्युमीन (Curcumin) भन्ने पदार्थका कारण बेसार पहेंलो हुने गर्दछ।
- ☞ **लसुनमा** हुने बास्ना र स्वाद यसमा पाइने डाईएलायल सल्फाईड (Diallyl sulfide) को कारणले हो। लसुनको नियमित सेवनले रगतमा नराम्रो कोलेस्ट्रोल घटाउन मद्दत गर्दछ यसको कारण यसमा पाइने एलिसिन (Allicin) रसायन हो।
- ☞ **प्याजमा** क्यूरसटिन (Quercetin) नामक फ्लेभोनोइड एन्टी अक्सिडेन्ट (Flavonoid antioxidant) प्रशस्त पाइने हुनाले यसको नियमित सेवनबाट मुटु रोगका जोखिमहरू, उच्च रक्तचाप तथा कोलेस्ट्रोल घटाउन प्रभावकारी हुन्छ।
- ☞ **खुर्सानीको** पिरोपना एक प्रकारको रसायन क्यापसाईसिन (Capsaicin) ले हुने गर्दछ र सानो खुर्सानीमा यसको मात्रा बढी हुन्छ भने ठूलो खुर्सानीमा कम हुन्छ, त्यसैले जीरे खुर्सानी धेरै पिरो हुने गर्दछ।

# खण्ड-ङः प्राविधिक लेख रचना

## १. बोर्डो मिश्रण (Bordeaux Mixture) बनाउने तरिका र यसको प्रयोग

बोर्डो मिश्रण बाली संरक्षणका लागि प्रयोग गरिने रसायनहरू मध्ये तामा (Copper) मा आधारित ढुसीनाशक विषादि (Fungicide) हो। यसको आविष्कार फ्रान्सको बोर्डेक्स (Bordeaux) भन्ने ठाउँको अंगुर बगानमा ढुसीजन्य रोगको निदान गर्ने क्रममा उन्नाईसौं शताब्दिमा भएको हो। यसबाट ढुसीजन्य जीवाणुहरू नष्ट गर्न सकिने हुनाले यसलाई ढुसीनाशक रसायनको रूपमा प्रयोग गरिन्छ। यो सम्पर्क विषादि हो।

**बोर्डो मिश्रण बनाउन चाहिने आवश्यक समाग्रीहरुः-**

निलोतुथो, चून, पानी, प्लाष्टिक बाल्टिन, पिस्ने भाँडो, तराजु, छेस्को, फिल्टर, सोली, चक्कु।

**बोर्डो मिश्रण बनाउने तरिकाः-**

निलोतुथो, चून र पानी मिसाएर बोर्डो मिश्रण बनाइन्छ। यो मिश्रण कपर हाईड्रोक्साइड र क्याल्सियम सल्फेटको टाँस्सिने यौगिक (Gelatinous Precipitate) हो जुन आकाशे रंगको हुन्छ।

**(क) १ प्रतिशतको बोर्डो मिश्रण बनाउने विधि**

- यसमा १००:१००:१० को अनुपातमा निलोतुथो, चून र पानी मिसाइन्छ।
- यसका लागि १०० ग्राम निलोतुथो, १०० ग्राम चून र १० लिटर पानी चाहिन्छ।
- १०० ग्राम निलोतुथो र १०० ग्राम चूनलाई छुट्टा छुट्टै पिसेर धूलो बनाउने।
- १० लिटर पानीलाई २ वटा प्लाष्टिकको बाल्टिनमा छुट्टाछुट्टै पाँच पाँच लिटर गरी बाँडेर राख्ने।
- पाँच लिटर पानी भएको एउटा बाल्टिनमा १०० ग्राम निलोतुथो राखेर घोल्ने। निलोतुथो घोलिन समय लाग्ने हुनाले मिश्रण बनाउने २-३ घण्टा अगाडिनै धूलो बनाइएको निलोतुथोलाई सफा कपडामा पोको पारेर पानी राखेको बाल्टिनमा पानी छुने गरी झुण्डाई राख्ने जसले गर्दा निलोतुथो पानीमा राम्ररी घोलिन्छ।
- पाँच लिटर पानी भएको दोश्रो बाल्टिनमा १०० ग्राम चून घोल्ने।
- छुट्टाछुट्टै घोलिएको निलोतुथो र चूनलाई अर्को बाल्टिनमा विस्तारै एकनासे धारा लगाएर एउटा छेस्कोले लगातार चलाउँदै मिसाउने।

- मिश्रणको जाँच गर्न एउटा चक्कूलाई तयारी मिश्रणमा ५ मिनेटसम्म डुबाउने र चक्कूमा आकाशे रंग जस्तो देखियो भने मिश्रण ठीक बनेको बुझ्नु पर्दछ।
- यदि चक्कूमा खिया जस्तो देखियो भने मिश्रणमा तामाको मात्रा बढी भएको भन्ने बुझ्नु पर्दछ जुन बिरूवाका लागि हानिकारक हुन्छ, तसर्थ आकाशे रंगको बनाउन चून मिसाउनु पर्दछ।
- अब तयार भएको १० लिटर बोर्डो मिश्रणलाई फिल्टरद्वारा छानेर सोलीको सहायताले स्प्रेयर ट्यांकीमा राखी बिरूवाहरूमा छर्ने।
- यो मिश्रण साधारणतया बिरुवाको कडा भाग जस्तै जरा (Roots), काँड (Stem) मा छर्नका लागि तयार गरिन्छ।

### (ख) ०.५ प्रतिशतको बोर्डो मिश्रण बनाउने विधि

- यसमा ५०:५०:१० को अनुपातमा निलोतुथो, चून र पानी मिसाइन्छ।
- यसको लागि ५० ग्राम निलोतुथो, ५० ग्राम चून र १० लिटर पानी चाहिन्छ।
- मिश्रण बनाउने, जाँच गर्ने र प्रयोग गर्ने विधि माथि उल्लेख गरे जस्तै हो।
- यो मिश्रण साधारणतया बिरुवाको नरम भाग जस्तै पात (Leaf/Foliage), कलिलो हाँगाहरू (Soft Branches/Twigs) मा छर्नका लागि तयार गरिन्छ।

### बोर्डो मिश्रणको प्रयोग

- बोर्डो मिश्रण ढुसीनाशक (Fungicide), जीवाणुनाशक (Bactericide) र अल्गिनाशक (Algaecide) को रुपमा प्रभावकारी भएकोले यसको प्रयोग गर्ने गरिन्छ।
- ढुसी आएको वोट बिरुवामा, बालीनाली पूरै भिज्ने गरी बोर्डो मिश्रण प्रयोग गर्नु पर्दछ।
- यसलाई प्रयोग गरेको खण्डमा राम्ररी टाँस्सिने हुंदा पात र डाँठलाई रोगबाट बचाएर राख्दछ।
- मौरी, रेशम कीरा आदिका लागि सुरक्षित विषादी मानिएको छ।
- मानिसका लागि पनि अन्य रासायनिक ढुसीनाशक विषादीको तुलनामा कम विषालु छ।
- मिश्रण बनाउन धेरै सजिलो छ र कृषकहरुले पनि स्वयं यसलाई तयार गर्न सक्दछन्।
- मिश्रणका लागि चाहिने रसायन निलोतुथो र चून बजारमा सजिलै उपलब्ध हुन्छ।
- तामा आधारित ढुसीनाशकबाट नियन्त्रित हुने रोगहरु जस्तै पातको थोप्ले, डढुवा, आदि यसबाट नियन्त्रण गर्न सकिन्छ।
- अदुवा, खुर्सानी, आलु, गोलभेंडा, कफी, सुन्तला, कागती, भोगटे, सुपारी, फूल बिरुवाका धेरैजसो रोगहरु जस्तै सिन्दुरे, एन्थ्राक्नोज, जरा कुहिने, काँड कुहिने, बेर्ना कुहिने, फल डढ्ने, झर्ने, सड्ने, पात डढुवा, क्यान्कर, पाउडरी मिल्ड्यू, डाउनी मिल्ड्यू आदि रोग नियन्त्रणका लागि यसको प्रयोग उपयुक्त भएको।

## २. बोर्डो पेष्ट (Bordeaux Paste) बनाउने तरिका र यसको प्रयोग

बोर्डो पेष्ट बिरुवामा लागेको चोटपटक, बिरूवाको कुनै काटिएको भाग, घाउ आदिमा ढुसीको प्रकोपबाट बचाउन मलहम (Wound Dresser) को रूपमा दलिन्छ।

**बोर्डो पेष्ट बनाउन चाहिने आवश्यक समाग्रीहरूः-**

बोर्डो पेष्ट बनाउने सामाग्रीहरू बोर्डो मिश्रणको जस्तै हो मात्र यो एउटा पेष्टको रूपमा हुन्छ किनभने यसमा पानीको मात्रा एकदम कम हुन्छ।

**बोर्डो पेष्ट बनाउने तरिका र प्रयोगः-**

- यसमा १००:१००:१ को अनुपातमा निलोतुथो, चून र पानी मिसाइन्छ।
- यसका लागि १०० ग्राम निलोतुथो, १०० ग्राम चून र १ लिटर पानी चाहिन्छ।
- यो १० प्रतिशत बोर्डो मिश्रण हो।
- बोर्डो पेष्ट बनाउने र जाँच गर्ने विधि माथि उल्लेख गरेको बोर्डो मिश्रणकै जस्तो हो।
- आलसको तेल १०० मि.लि. पनि मिसाएर घोलेमा पानीले सजिलै पखाल्न सक्दैन।
- यसरी तयार भएको पेष्ट ब्रश वा कुचोको सहायताले बिरूवा काटछाँट गर्दाको घाउ वा बिरुवाको फेदमा दल्नु पर्दछ।

**भूल्न नहुने कुराहरु**

➢ बोर्डो मिश्रण तथा बोर्डो पेष्टले धातुलाई खियाउने गर्दछ तसर्थ मिश्रण र पेष्ट बनाउनका लागि माटो, काठ वा प्लाष्टिकको भाँडामा प्रयोग गर्नु पर्दछ।

➢ निलोतुथोको घोललाई नै चूनको घोलमा मिसाउनु पर्दछ यसको उल्टो गरियो भने तामाको प्रभावकारिता घट्दछ।

➢ बोर्डो मिश्रण तथा बोर्डो पेष्टलाई बेला बेलामा चलाई राख्नु पर्दछ।

➢ प्रयोग गर्नका लागि मिश्रण तथा पेष्टलाई प्रत्येक पटक नयाँ नै बनाउनु पर्दछ।

➢ बोर्डो मिश्रण तथा बोर्डो पेष्ट बनाएको २४ घण्टा भित्र प्रयोग गरिसक्नु पर्दछ।

➢ यदि केहि समय वा एक दिनको लागि राख्नु पर्ने भयो भने एक के.जी. शख्खर (Jaggery) प्रति लिटर मिश्रणका दरले बोर्डो मिश्रणमा मिसाएर राख्नु पर्दछ।

# ३. मसला बाली उत्पादन प्रविधि तालिका

| क्र.सं. | बाली | जात | लगाउने समय | | | मलखादको मात्रा | | | | लगाउने दूरी | | बीउ/बेर्ना को मात्रा (प्रति रोपनी) | बाली तयार हुने अवधि | उत्पादन (के.जी. प्रति रोपनी) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | उच्च पहाड | मध्य पहाड | तराई | कम्पोष्ट (डोको प्रति रोपनी) | नाइट्रोजन (के.जी. प्रति रोपनी) | फस्फोरस (के.जी. प्रति रोपनी) | पोटास (के.जी. प्रति रोपनी) | बोट देखि बोट | लाईन देखि लाईन | | | | |
| १. | अलैंची | रामसाई | जेष्ठ-श्रावण | जेष्ठ-श्रावण | - | ५०-६० | ५ | ३ | ३ | १.२-१.५ मिटर | १.२-१.५ मिटर | ६६७-१०४१ बेर्ना (३ बेर्ना प्रति खाडल) | तीन वर्ष | ३०-४० (सुख्खा) | सिफारिस जात |
| २. | अलैंची | गोलसाई | जेष्ठ-श्रावण | जेष्ठ-श्रावण | - | ५०-६० | ५ | ३ | ३ | १.२-१.५ मिटर | १.२-१.५ मिटर | ६६७-१०४१ बेर्ना (३ बेर्ना प्रति खाडल) | तीन वर्ष | ३०-४० (सुख्खा) | सिफारिस जात |
| ३. | अलैंची | डम्बरसाई | - | जेष्ठ-श्रावण | - | ५०-६० | ५ | ३ | ३ | १.२-१.५ मिटर | १.२-१.५ मिटर | ६६७-१०४१ बेर्ना (३ बेर्ना प्रति खाडल) | तीन वर्ष | ३०-४० (सुख्खा) | सिफारिस जात |
| ४. | अलैंची | साउने | जेष्ठ-श्रावण | जेष्ठ-श्रावण | - | ५०-६० | ५ | ३ | ३ | १.२-१.५ मिटर | १.२-१.५ मिटर | ६६७-१०४१ बेर्ना (३ बेर्ना प्रति खाडल) | तीन वर्ष | ३०-४० (सुख्खा) | सिफारिस जात |
| ५. | अदुवा | कपुरकोट-१ र २ | फाल्गुण-चैत्र | फाल्गुण-चैत्र | फाल्गुण-चैत्र | ६०-७० | ४ | २.५ | २.५ | ३० से.मि. | ३० से.मि. | २२५-३०० के.जी. | ७-९ महिना | १०००-१५०० | उन्मोचित जात |
| ६. | बेसार | स्थानिय | चैत्र-वैशाख | चैत्र-वैशाख | चैत्र-वैशाख | ६०-७० | ५ | ३ | ३ | ३० से.मि. | २५ से.मि. | १००-१५० के.जी. | ८-१० महिना | २०००-२२०० | प्रचलित जात |
| ७. | लसुन | चाईनिज | श्रावण | भाद्र-आश्विन | - | ८०-९० | ७ | ७ | ३.५ | २५ से.मि. | २५ से.मि. | ५० के.जी. | ९-१० महिना | १०००-१५०० | प्रचलित जात |
| ८. | लसुन | स्थानिय | आश्विन-कार्तिक | आश्विन-कार्तिक | कार्तिक-मंसिर | ५०-६० | ५ | २.५ | ३ | १५ से.मि. | ७-८ से.मि. | २५-३० के.जी. | ४-६ महिना | ६००-१००० | प्रचलित जात |
| ९ | प्याज | रेड क्रियोल | - | आश्विन-पौष | आश्विन-कार्तिक | ४०-५० | ८ | ४.५ | २ | १० से.मि. | १५ से.मि. | ५०० ग्राम | ४ महिना | १०००-१५०० | उन्मोचित जात |
| १०. | प्याज | नासिक रेड | - | पौष-माघ | मंसिर- पौष | ४०-५० | ८ | ४.५ | २ | १० से.मि. | १५ से.मि. | ५०० ग्राम | ४ महिना | १०००-१५०० | प्रचलित जात |
| ११. | खुर्सानी (पीरो) | एन एस १७०१ | चैत्र-वैशाख | माघ-फाल्गुण | भाद्र-आश्विन | ४०-५० | ५ | २.५ | २.५ | ३० से.मि. | ४५ से.मि. | ५०-७५ ग्राम | ४ महिना | ५०-७५ (सुकेको) | प्रचलित जात |
| १२. | खुर्सानी (पीरो) | स्थानिय | चैत्र-वैशाख | माघ-फाल्गुण | भाद्र-आश्विन | ४०-५० | ५ | २.५ | २.५ | ४५ से.मि. | ६० से.मि. | ५०-७५ ग्राम | ४ महिना | ५०-७५ (सुकेको) | प्रचलित जात |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३. | मरिच | स्थानिय, पन्युर-१ | - | श्रावण | श्रावण | ४०-५० | ८ | ३ | १.४ | २.५ मिटर | २.५ मिटर | ३५००-५००० बेर्ना (३ बेर्ना प्रति खाडल) | तीन वर्ष | ७५-१०० (सुकेको) | सिफारिस जात (मलको१/३ भाग पहिलो वर्ष,२/३ भाग दोश्रो वर्ष) |
| १४. | जीरा | आर जेड-१९ जि.सि.-१ | - | - | आश्विन-कार्तिक | ४०-५० | १.५ | १.५ | १ | १५ से.मि. | ३० से.मि. | १ के.जी. | ४ महिना | ३०-३५ | सिफारिस जात |
| १५. | धनिया | स्थानिय | - | जेष्ठ-आषाढ | आश्विन-कार्तिक | ४०-५० | १ | २ | १ | १५ से.मि. | २० से.मि. | ५००-१००० ग्राम | ४ महिना | २०-२५ | सिफारिस जात |
| १६. | मेथी | स्थानिय | फाल्गुण-बैशाख | भाद्र-मंसिर | आश्विन-मंसिर | ४०-५० | २.५ | २ | १ | १० से.मि. | ३० से.मि. | ५००-१००० ग्राम | ४ महिना | ४०-४५ | प्रचलित जात |



प्लाष्टिक ट्रेमा गोलभेंडा नर्सरी बेर्ना उत्पादन



नर्सरी ब्याडमा तरकारी बेर्ना उत्पादन



बीउ उत्पादनका लागि चौमासे सिमी लगाइएको



बीउ आलु खनेर प्याकिङ्ग गर्दै



तरकारी नर्सरी बेर्ना उत्पादन व्यवहारिक तालिम





तरकारी बाली सम्बन्धी कृषक तालिम संचालन




काक्रोको बीउ उत्पादन



केन्द्रमा सेमि हाईटेक ग्रीन हाउस निर्माण



केन्द्रमा स्क्रिन हाउस निर्माण



सृजना गोलभेडाको बीउ उत्पादन



लिची फलफूल बिरूवा प्रसारण (गुटी बाँधेको)



आलको पूर्व मूल बीउ उत्पादन